# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



श्रीलंकामा सञ्चालित चौथौ संगायनामा पूज्य भिक्षु संघबाट ताडपत्रमा त्रिपिटक कोर्नुहुँदै

वर्षः ४३, अङ्कः ८

बु.सं. २५६९, योमरी पुन्हिः

# धर्मकीर्ति विहार संरक्षण कोषको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै इकाईहरू र सम्वन्धन प्राप्त विहारका पदाधिकारीहरू



ओवाद दिनुहुँदै श्रद्धेय धम्मवती गुरुमां



पद्मकीर्ति विहारको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै कुशलवती गुरुमां



धर्मकीर्ति बौद्ध परियत्ति केन्द्र र अध्ययन तथा बौद्ध भ्रमण कमिटीको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै केशावती गुरुमां



कार्यक्रम सञ्चालन गर्नुहुँदै रीना तुलाधर



आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै अजयरत्न स्थापित



सुलक्षणकीर्ति विहारको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै नोविद शाक्य



श्रद्धाकीर्ति विहारको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै अगम्यरत्न कंसाकार



धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै लोचनतारा तुलाधर




धर्मकीर्ति सूचना तथा जनसम्पर्क इकाईको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै मचाकाजी महर्जन




धर्मकीर्ति पत्रिकाको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै ध्रुवरत्न स्थापित



धर्मकीर्ति ज्ञानमालाको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै प्रेमलक्ष्मी तुलाधर



धर्मकीर्ति स्वास्थ्य कमिटीको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै डा. चन्देशरत्न तुलाधर



धर्मकीर्ति बुद्ध पूजा कमिटीको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै ईन्द्रकुमार नकर्मी



धन्यवाद ज्ञापन गर्नुहुँदै मदनरत्न मानन्धर



▲ वार्षिक भेलामा सहभागि महानुभावहरू ▼



*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरू*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६९
नेपाल सम्बत् ११४६
इस्वी सम्बत् २०२५
बिक्रम सम्बत् २०८२

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**4th DEC 2025**


| वर्ष- ४३ | अङ्क- ८ | योमरी पुन्हि | मंसिर २०८२ |
|---|---|---|---|


★ **परे च न विजानन्ति – मय'मेत्थ यमामसे**
**ये च तत्थ विजानन्ति – ततो सम्मन्ति मेधगा**

★ **मूर्खतय्‌सं जिपिं अवश्य नं छन्हु सीमानि धका बिचा: मया: । जिपिं सीमानि धका: बिचा: यातकि कलह शान्त ज्वी ।**

★ **मूर्खले मात्र हामीले एकदिन अवश्य मर्नुपर्छ भनेर सोच्दैन एकदिन अवश्य मर्नेछौं भनेर सोच्ने वित्तिकै कलह शान्त हुनेछ ।**

★ The world does not know that we must all come to an end here; but those who know it, their quarrels cease at once.

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | **बुद्ध वचन** | – | १ |
| २) | **आवरण चित्र परिचय - दोस्रो संगायना** | – | २ |
| ३) | **सम्पादकीय- सुख मनपर्छ भने** | – | ३ |
| ४) | **भगवान् बुद्धका बाऱ्ह कर्म विपाकहरू-२** | **– धम्मवती गुरुमां, अनु. वीर्यवती गुरुमां** | ४ |
| ५) | Two Mothers Make Plans | – | ९ |
| ६) | **धर्मकीर्ति समाचार** | – | ११ |
| ७) | **मां:बा: यागु गुण लुमन्ति** | **- रामकृष्ण सानायो** | २० |
| ८) | **तथागत बुद्ध, मनोचिकित्सक** | **- विद्याकुमारी बज्राचार्य** | २३ |
| ९) | **मेरी आमा कस्तो ?** | **- प्रेमलक्ष्मी तुलाधर** | २३ |
| १०) | **भगवान् बुद्ध** | **- बाबुकृष्ण डंगोल** | २३ |


*आवरण चित्र परिचय*

# दोस्रो संगायना

**✍ आचार्य सत्यनारायण गोयन्का**
**भावानुवाद - वीर्यवती**

भगवान् बुद्धले सानातिना, महत्वहीन शिक्षापदलाई आवश्यकतानुसार परिवर्तन गर्न सकिन्छ भनी छुट दिनुभएको थियो । यही विषयलाई लिई प्रथम संगायनामा भिक्षु काश्यप महास्थविरले भिक्षु आनन्द महास्थविरलाई भगवान् बुद्ध समक्ष ती सानातिना महत्वहीन शिक्षापदहरू कुन-कुन हुन् भनी किन सोधिएन भनी दोषी ठहऱ्याउनु हुँदै प्रश्न गर्नुभएको थियो । यस विषयमा स्पष्ट बुझाउन नसकिएको कारणले कोही भिक्षुहरूले यसको लाभ उठाई भगवान् बुद्धको महापरिनिर्वाण भएको सयवर्ष बितिसकेपछि आफ्नो इच्छानुसार विनयका दश महत्वपूर्ण नियमहरू परिवर्तन गरिएको बुझिन्छ । यसका केही उदाहरणहरू यसरी छन् –

१) मध्यान्ह पश्चात् भोजन गर्नु ।
२) भोजन गरिसकेपछि गृहस्थीहरूसंग भिक्षाटन गर्न जानु ।
३) आचार्यले कुनै नयाँ नियम बनाइए त्यसलाई स्वीकार गर्नु ।
४) आफ्नो भरण पोषण गर्नको लागि गृहस्थ उपासकहरूसंग सुन, चाँदी र रुपैयाँ पैसा लिनु ।

उनीहरूले विनयका नियमहरूमा जुन आफ्ना अर्थपूर्ण छुटहरू लिए, परम्परावादी भिक्षुहरूले यस विषयमा कडा विरोध गरे । दुवैपक्ष बिच परस्पर धेरै वादविवाद भयो । विनय सम्वन्धी नियमहरूलाई गरिएको यस परिवर्तनलाई विनयवादी भिक्षुहरूले गलत कार्य भएको ठहऱ्याउनुभयो । उहाँहरूले वैशालीमा राजा कालाशोकको संरक्षकत्वमा द्वितीय संगायना सञ्चालन गर्नुभयो । यस संगायनामा सातसय भिक्षुहरूले भाग लिनुभएको कारण यसलाई “सत्तसती संगायना” भनियो । भगवान् बुद्धको महापरिनिर्वाण भएको १०० वर्ष पछि दोस्रो संगायना सञ्चालन भएको थियो ।

वज्जिपुत्रिय भिक्षुहरूले यस संगायना र यसको निर्णयलाई स्वीकार गर्नुभएन । उहाँहरूले १००० जना वज्जिपुत्रिय भिक्षुहरूलाई एक समूह बनाई आफ्नो तर्फबाट अलग्ग नै संगायनाको आयोजना गर्नुभयो । यस संगायनामा भिक्षुहरूको संख्या बढी भएको कारणले यस संगायनालाई “महासंगीती” नाम राखियो ।

यसरी भगवान् बुद्धको भिक्षुसंघ दुईवटा शाखाहरूमा बाँडिए । यस्तो हुन नदिनको लागि र सर्द्धमलाई शुद्ध कायम गर्नका लागि विशुद्धिवादी संघनायकहरूले प्रबलरूपमा प्रयत्न गर्नुभयो । विरोधीहरूलाई कुरा बुझाइदिन, सम्झाइदिनको लागि भरपूर चेष्टा गर्नुभयो । तर सफल हुन सकिएन । विनय विरोधी भिक्षुहरूको लागि सबभन्दा बढी आकर्षक कार्य गृहस्थ उपासकहरूबाट

*( क्रमशः पेज ७ मा हेर्नुहोला )*

## ▪ सम्पादकीय ▪

# सुख मनपर्छ भने

हामी सबैलाई सुख र शान्तिपूर्ण बाँच्न मन लाग्छ । तर आजभोली धेरैजसो मानिसहरू दुःखपूर्ण र अशान्तिमय जीवन बिताउने बाध्य देखिन्छन् । मानव समुदायको लागि ठूलो समस्याको रूपमा खडा भइरहेका छन् यो समस्यापूर्ण अवस्था सुखपूर्वक बाँच्ने विधि नजानेको कारणले नै यसलाई प्राप्त गर्न सकिरहेको देखिंदैन । यसमा हाम्रै कमजोरीहरू लुकिरहेका छन् । यस कमजोरीलाई हटाउनका लागि सर्वप्रथम हामी दुःखी किन हुन्छौं भन्नेतर्फ मोडिएर यसको कारण पत्ता लगाउने तर्फ ध्यान दिन आवश्यक देखिन्छ । यसको लागि हामीले बुद्ध शिक्षालाई एकपटक नियालौं ।

भगवान् बुद्ध भन्नुहुन्छ –

**“यानि करोति पुरिसो, तानि पस्सति अत्तानि**
**कल्याणकारी कल्यार्ण पापकारी च पापकं**
**यादिसं वपते बीजं तादिसं हरते फलं”**

भावार्थ- मानिसले राम्रो नराम्रो जुनसुकै काम गरे पनि जसले त्यो काम गर्छ, उसले नै त्यस कामलाई देखेको हुन्छ । अर्को शब्दमा भन्ने हो भने उसको मनले जानकारी राखेकै हुन्छ । अरू शब्दमा भन्ने हो भने उसको मनले जानकारी राखेकै हुन्छ । अरूले नदेखे पनि प्रकृतिले त देखेकै हुन्छ । नराम्रो काम गर्ने व्यक्तिले नराम्रै फल भोग्नुपर्ने हुन्छ भने राम्रो काम गर्ने व्यक्तिले राम्रै फल भोग्न पाउनेछ । प्रकृतीले दण्ड र भाग्यरूपी फल भोगाइरहेकै हुन्छ । प्रकृतीको क्षेत्रमा भेदभाव र पक्षपातको नामोनिशान हुँदैन । उसको हिसाब किताब अनुसार त जस्तो बीऊ रोपिन्छ, त्यस्तै फल पाइनेछ ।

त्यसैले भगवान् बुद्धले प्रकृतीको नियमानुसार हामीलाई यस्तो सल्लाह दिनुभएको छ –

**“चेतनाहं भिक्खवे कम्मं वदामि”**

भावार्थ- यो संसारमा मानिसको चेतना अनुसारको कर्म बनिरहेको हुन्छ ।

जस्तो चेतनाले काम गर्छ, कुरा गर्छ र योजना बनाउँछ, त्यस्तै प्रकारको कर्मरूपी बीऊ रोपिन पुग्छ । जस्तो बीऊ कर्म क्षेत्रमा रोपिन्छ, त्यस्तै फल हामीलाई प्राप्त हुनेगर्छ ।

अर्को शब्दमा भन्ने हो भने असल नियतले काम गर, कुरा गर र योजना बनाऊ तिमीलाई अहिले र पछि असल नै हुनेछ । खराब नियतले काम गर, कुरा गर र योजना बनाऊ तिमीलाई अहिले र पछि पनि खराब फल नै सृजना हुनेछ ।

भगवान् बुद्धले यस संसारमा शरीर होइन मन नै प्रमुख रहेको यथार्थता धम्मपदमा उल्लेख गर्नुभएको छ । धम्मपदमा यसरी उल्लेख भएको छ –

राम्रो मनले कुरा गऱ्यौ, काम गऱ्यौ र योजना बनायौं भने तिम्रो पीछा नछोड्ने हलुका छाँया जस्तै सुख पछि लाग्ने छ । यसको ठीक उल्टा नराम्रो मनले गरेको काम कुराको कारण वयल गाडाको गऱ्हौं पाङ्ग्रा जस्तै दुःख पछि लाग्नेछ । यस बुद्ध शिक्षाले हामीलाई दुःखबाट टाढा रहने विधि बताइरहेको छ ।

यसरी बुद्ध शिक्षाले यस संसार कारण र फलको खेलमा चलिरहेको कुरालालई प्रष्टाइरहेको छ । यही प्राकृतिक नियम हो । हरेक परिणामको कारण हुन्छ । त्यसैले कसैलाई दोष दिई आफ्नो चित्तमा द्वेष भावना उत्पन्न गरिरहनु वेकार हुने रहेछ । चेतनाको आधारमा कर्म बनिने प्राकृतिक नियमलाई विश्वास गर्ने व्यक्तिले सुख र दुःखको जिम्मेवारी आफै भएको बुझ्नेछ । जसले यो यथार्थतालाई बुझ्न सक्छ, उसले आफ्नो तर्फबाट अरूको शरीर, मन, धन र यशकीर्तिमा हानी पुग्ने काम गर्दैन । जब संसारमा यस्ता पवित्र हृदय भएका इमान्दार व्यक्तिहरूको संख्या बढ्न थाल्छ, तब यहाँ अशान्ति, झैझगडा र कलह स्वतहः हटेर जानेछ । सुख मनपर्छ भने हामीले माथि उल्लेखित बुद्ध शिक्षालाई पालन गर्न सकौं । भवतु सब्ब मंगलम् ॥

# भगवान् बुद्धका बाऱ्ह कर्म विपाकहरू–२

*लेखिका*- **धम्मवती गुरुमां**
*अनुवाद*- **वीर्यवती गुरुमां**

**प्रश्न नं. ४**




सुन्दरी परिव्राजिकालाइ तिर्थंकरहरूले हत्यागरी जेतवन विहार प्राङ्गणमा फालिएको दृष्य

सुन्दरी परिव्राजिकालाई तिर्थकंरहरूले हत्या गरी जेतवन विहार प्राङ्गणको खाल्डोमा पुर्न लगाएका थिए । त्यसपछि उनी परिव्राजिकालाई भगवान् बुद्धले हत्या गरी आफ्नो दुराचार कार्य छोप्नका लागि उक्त खाल्डोमा पुरेर लुकाइराखेको हो भनी ती तिर्थकंरहरूले भगवान बुद्ध माथि झूठो आरोप लगाएका थिए । यसरी कुन पापको कारणले भगवान् बुद्ध जस्तो शुद्ध, निर्दोष व्यक्तिले पनि यस्तो झूठो लाञ्छना एवं दोषारोपण सहनु परेको ?

**उत्तर–**

बोधिसत्त्व (भविष्यको शाक्यमुनि बुद्ध) एक जन्ममा ऋषि प्रव्रज्या हुनु भएको थियो । एकदिन आकास मार्गबाट उडेर आउनु भएको अर्को ऋषिको शक्ति देखी आफूसंग त्यस्तो शक्ति नभएको कारणले ईर्ष्यायुक्त चित्त उत्पन्न भएर उहाँप्रति यसरी झूठो आरोप लगाउनु भएको थियो ।




ऋद्धिवान ऋषिलाई झूठो आरोप लगाउँदै बोधिसत्व

"कसैलाई हत्या गरी भागेको होला ।" यसरी निर्दोष ऋषिलाई झूठो आरोप लगाई आएको फलस्वरूप यस जीवनमा उहाँले आफुमाथि आइपरेको झूठो आरोप खेप्न परेको हो ।

**प्रश्न नं. ५**


तथागत (शाक्य मुनि बुद्ध) गृद्धकुट पर्वत माथि जानुहुँदा देवदत्तले उहाँलाई हत्या गरी उ बुद्ध बन्ने कुनियत राखी बुद्धलाई ढुंगाले प्रहार गरेको थियो । यसरी भगवान् बुद्ध जस्तो पवित्र व्यक्तिले पनि अरूको प्रहारलाई थाप्नुपर्ने कुन विपाकको कारण होला ?



देवदत्तले भगवान बुद्धलाई ढुङ्गा प्रहार गरिरहेको दृष्य

**उत्तर–**


एक जन्ममा भगवान् बुद्ध हुने बोधिसत्त्व महाजन कूलमा जन्म लिनुभएको थियो । त्यही जन्ममा उहाँले आफ्नो भाईलाई सम्पत्ति अंश आधा पारेर दिनुपर्ला भनी कुनियत राखी भाईलाई फकाई जंगल भित्र लगी हत्या गरेको थियो यही अकुशल पाप कर्मको विपाकले देवदत्तद्वारा गरेको ढुंगा प्रहारको चोट खेप्न परेको हो ।



सम्पत्तिको लोभमा परी आफ्नै भाईलाई हत्या गर्दै बोधिसत्व

**प्रश्न नं. ६**

देवदत्तले भगवान् बुद्धलाई ढुंगा प्रहार गर्दा त्यस ढुंगाको टुक्रा उछिट्टिएर आई भगवान् बुद्धको खुट्टाको बुढी औंलामा परेर उक्त औंलामा रगत जमेको थियो । भगवान् बुद्धको यो कुन जन्मको अकुशल कर्म विपाक होला ?


देवदत्तले भगवान बुद्धलाई ढुङ्गा प्रहार गरि हत्या गर्ने प्रयास गरिरहेको दृष्य

**उत्तर–**

एक समय भगवान् बुद्ध हुने बोधिसत्त्व महाजन कोखमा जन्मेको थियो । उक्त जन्ममा उहाँले प्रत्येक बुद्धलाई रगत बग्ने गरी ईंटाले हानेको थियो । त्यही कुकर्मको फल भोग्दै शाक्य मुनी बुद्ध हुनु भएपछि पनि देवदत्तको ढुंगा प्रहारले रगत जम्ने गरी चोट सहनुपरेको हो ।



बोधिसत्वले प्रत्येक बुद्धलाई ढुङ्गाले प्रहार गरिरहेको दृष्य

**प्रश्न नं.७**


रक्सी पिलाएर जिस्काइएको कारणले रिसाउँदै रीसले चूर भएर मात्तिएको नालागिरि हात्तीले भगवान् बुद्धलाई लखेटेको थियो । यो कुन जन्मको अकुशल कर्मको विपाक होला ?

**उत्तर–**

एक जन्ममा बोधिसत्त्व माउटे कोखमा जन्मेको थियो । उक्त जन्ममा बोधिसत्त्वले एकजना प्रत्येक बुद्ध


नालागिरि हात्तीले भगवान बुद्धलाई लखेटेको दृष्य

आइरहनु भएको देखी उहाँलाई हात्तीले लखेट्न लगाई मार्ने चित्त उत्पन्न गरेको थियो । यसरी अकुशल चित्त उत्पन्न गरेको खराब चित्तको कर्म विपाकको कारणले शाक्यमुनि बुद्ध जस्तो परिशुद्ध व्यक्तित्त्व हुनु भएपनि उहाँलाई नशाले चूर भएको नालागिरि हात्तीले लखेट्न आएको थियो ।


बोधिसत्व माहुतेले प्रत्येक बुद्धलाई हात्तीले लखेट्न लगाएको दृष्य


**प्रश्न नं. ८**

ढुंगा प्रहार भएको खुत्ताको औंलामा रगत जमेको कारणले उक्त घाऊ पाकेर भगवान् बुद्धलाई धेरै पीडा भएको थियो । त्यसैले जीवक वैद्यले भगवान् बुद्धलाई उक्त घाऊको सल्यक्रिया नै गर्नु परेको थियो । शाक्य मुनि बुद्धको कुन जन्मको विपाक होला यो ?


भगवान बुद्धको खुट्टाको औंलामा रगत जमेको बेला जीवक वैद्यले उक्त घाउ सल्यक्रिया गरिरहेको दृष्य

**उत्तर–**

एक जन्ममा बोधिसत्त्व प्रान्तिय राजा भएको थियो । त्यही बेला उनले रक्सी पिएर विस्मृति भई निर्दोषी जनताहरूलाई छुरा घोपी सास्ती गरी अकारण नै मार्न लगाएको थियो । यही पापकर्मको फलस्वरूप शाक्य मुनी बुद्ध हुनुभएको बेलामा समेत घाऊको कारणले पीडा सहनु परेको थियो ।



प्रान्तिय राजा बोधिसत्वले रक्सीले मात्तिएर निर्दोषी जनतालाई छुरा घोपी यातना दिएको दृष्य

**प्रश्न नं. ९**


भगवान् बुद्धलाई कहिलेकाहिं कपाल दुखाईको कारणले धेरै कष्ट सहनु पर्‍यो । यो कुन विपाकको फल होला ?



भगवान बुद्धको खुट्टाको औंलामा रगत जमेको बेला जीवक वैद्यले उक्त घाउ सल्यक्रिया गरिरहेको दृष्य

**उत्तर–**

एक जन्ममा बोधिसत्त्व माझी गाउँमा जन्म लिनु भएको थियो । एकदिन एउटा गाउँमा गइरहनु भएको बेला एउटा माझीले ठूलो माछा मारेर उक्त माछाको टाउकोमा प्रहार गरेर मारेको दृष्य देखी उहाँ बोधिसत्वले खूब प्रसन्न मुद्रामा प्रशंसा गर्दै हेरिरहनु भएको थियो । यसरी माझीले गरेको अकुशल कार्यलाई रोक्न खोज्नुको बदला प्रसन्नता व्यक्त गरेको विपाक फलले भगवान बुद्ध जस्तो निक्लेशी हुनु भएपनि समय समयमा टाउको दुख्ने रोगले पीडित हुनु परेको हो ।




माझीले माछा मारेर उक्त माछाको टाउकोमा प्रहार गरिरहेको दृष्य हेरी बोधिसत्वले प्रशंसा गरिरहेको दृष्य ।

**प्रश्न नं.१०**

एकपटक वेरन्जा ब्राह्मणले भगवान् बुद्धलाई वर्षावास भरिको लागि निमन्त्रणा गरेर लगेको थियो । तर उसले भगवान् बुद्धलाई आफूले निमन्त्रणा गरेको कुरालाई नै विर्सेर केही पनि उपस्थान गर्न गएन । त्यही समय उक्त स्थानमा अनिकाल परेको कारणले अन्न अभाव भएको हुँदा त्यस स्थानमा अरू मानिसहरू कोही पनि गएनन् । भोजन अभावको कारणले भगवान् बुद्धले घोडाको दाना खाएर पनि जीवन निर्वाह गर्नु परेको थियो ।

कुन कर्म विपाकको कारणले भगवान् बुद्ध जस्तो पवित्र व्यक्तिले पनि यस्तो कठिनाइको सामना गर्नु परेको होला ?



भगवान बुद्धलाई घोडाको दाना दान गरिरहेको दृष्य

**उत्तर–**

बोधिसत्त्वको एक जन्ममा भिक्षुहरू भिक्षाटनको लागि आइरहनु भएको थियो । यौवनमत्तामा पुगेको बोधिसत्त्वले अभिमानी चित्तको वसमा गई यिनीहरूलाई राम्रो खाना किन दान दिने ? घोडाको दाना दान दिने नि भन्दै होच्याएर निन्दा उपहास गरेको थियो । यस अकुशल कर्म रूपी बीऊको फल स्वरूप शाक्यमुनि बुद्ध जस्तो व्यक्तित्त्वले पनि ३ महिना सम्म घोडाको दाना खाएर जीवन निर्वाह गर्नुपरेको थियो । *क्रमशः*

## आवरण चित्र परिचय

सुन, चाँदी, रुपैयाँ, पैसा प्राप्त गर्न हुनपुग्यो । घरगृहस्थ त्यागेर आएका उनीहरूको मन रुपैयाँ पैसाप्रति आकर्षित भई यस कार्यबाट छुट्न सकिएन । यही कमजोरी बानी उनीहरूको लागि दुर्भाग्य हुन पुग्यो ।

**तेस्रो संगायना –**

अशोकले विदिशास्थित अग्रवंशका बुद्ध अनुयायी व्यापारीकी पुत्री विदिशादेवीसंग विवाह गरे । त्यसपछि उसलाई अवंतिका राज्यपालको रूपमा नियुक्त गरिएपश्चात् आफ्नी पत्नीका साथ उज्जैनमा रहन थाल्यो । त्यहिं उनका पुत्र महेन्द्र र पुत्री संघमित्राको जन्म भयो । त्यत्रो दिनसम्म बुद्धानुयायी विदिशादेवी संग-संगै रही संगत गर्ने मौका पाए पनि अशोकको मनलाई बुद्ध शिक्षाबाट प्रभाव पार्न सकिएन । अशोकको पिता अस्वस्थ रहेको सूचना प्राप्त भएपछि उनी राजधानी पातलिपुत्र गए । तर त्यहाँ पुग्नुभन्दा अगावै उनको पिताको देहान्त हुनपुग्यो । राजगद्दी प्राप्त गर्नको लागि आतुर रहेका अशोकले आफै साखै भाई एकजना बाहेक अन्य १०० जना भाईहरूलाई हत्या गरी राजगद्दी प्राप्त गर्न सफल भए । यस्तो दोषपूर्ण कार्य गरेको कारणले उनकी पत्नी विदिशादेवीले उसलाई कहिले पनि क्षमा गरिनन् । उनीले आफ्ना पुत्र र पुत्रीलाई पातलीपुत्र त पठाइन् । तर आफू स्वयं भने उक्त स्थानमा कहिले पनि गइनन् । आजीवन आफ्नै माइती विदिशामा नै रहिन् ।

अशोकको मनलाई बुद्ध शिक्षाले त्यसबेला मात्र केही असर पाऱ्यो, जुनबेला उसले आफ्ना दाई सुमनका पुत्र निग्रोध (प्रव्रजित श्रामणेर) को सम्पर्कमा आउने मौका प्राप्त गरे । यसपछि आफ्नो साम्राज्यको आशक्ति पूरा गर्नको लागि उसले कलिङ्ग राज्यमा आक्रमण गरे । यस युद्धको कारण कलिङ्गका निरपराध जनताको जुन दुर्दशा भयो, यसलाई देखेपछि उसको मन डरले काँप्यो । तब उसले भविष्यमा कुनैपनि राज्य जित्ने मनसायले युद्ध नगर्ने अठोट लिए । त्यसबेलादेखि उनी पूर्णतया बुद्ध शिक्षाबाट प्रभावित भए । उसले आफ्ना धर्मगुरु भदन्त मोग्गलिपुत्त तिस्सबाट परियत्ति शिक्षा हासिल गरे । उसले यथासिघ्र नै बुद्धले दिनुभएको शिक्षारूपी अमृत रस चाख्नको लागि त विपश्यना साधनाको अभ्यास गर्नुपर्दो रहेछ भन्ने कुराको महशूस गरे । यसको लागि उसले लामो यात्रा गर्दै राजस्थानको बैराट नगर पुगे । त्यहाँ पुगी आचार्य उपगुप्ताबाट विपश्यना सिके । परिणामस्वरुप उ स्रोतापन्न भए । आर्य भए । यसरी गृहस्थकै भेषमा उनी संघ बने । तब उसको मनमा "एहिपस्सिको" को धर्म स्वभाव जाग्यो । पाटलिपुत्र फर्केपछि उसले देशमा बुद्ध शिक्षा र विपश्यना साधनाको प्रचार कार्य आरम्भ गर्नतर्फ लागे । जुन कार्यबाट उनको जनता सुखी हुनथाले, समृद्ध हुन थाले ।

अशोकले आफ्नो संरक्षणमा र आचार्य भदन्त मोग्गलिपुत्ततिस्सको अध्यक्षतामा तृतीय संगायनाको आयोजना ई.पू. ३२६ मा पाटलिपुत्रको अशोकाराममा सम्पन्न गरे । दोस्रो संगायना पश्चात् केही शिथिल स्वभावका भिक्षुहरूले अनेक मतमतान्तर सृजना गरी धेरै नक्कली धर्म स्थापना गरेका थिए । फलस्वरुप उनीहरूले सद्धर्मलाई दुर्बल बनाएका थिए न।

भगवान् बुद्धले भन्नुभएको थियो– **"जब कुनै कृत्रिम धर्म उत्पन्न हुन्छ, तब सद्धर्म लोप हुनेछ ।"**

- *(सं.नि. २.५.१५६ कस्सपसंयुत्त)*

भदन्त मौग्गलिपुत्त तिस्सले ती मिथ्यामार्गीहरूलाई शुद्ध धर्मतर्फ आकर्षित गर्नका लागि "कथावत्थु" नामक उपयोगी ग्रन्थ लेख्नुभयो, जुन यस तेस्रो संगायनामा सम्मिलित गरियो । यस संगायना पश्चात् सम्राट अशोकले धर्म प्रसारणको लागि निम्नलिखित ९ जना धर्मदूतहरूलाई विभिन्न देश प्रदेशहरूमा पठाउनुभयो–

१) भदन्त मज्भंतिकलाई काश्मिर र गन्धारमा ।
२) भदन्त महादेवलाई महिसकमंडल (आजभोलीको कर्नाटकमा) ।
३) भदन्त रक्खितलाई वनवासी (उत्तरी कन्नड) मा ।
४) भदन्त योनक धम्मरक्खितलाई उत्तर अपरान्तक (उत्तरी गुजरात काठियावाड, कच्छ र सिंध) मा ।
५) भदन्त महारक्खित योनकलोक (लौनीयना, वैक्ट्रियन र ग्रीस) मा ।
६) भदन्त मज्भिमलाई हिमवन्तमा ।
७) - ८) भदन्त सोण र उत्तरलाई सुवण्णभूमी (म्यानमार र थाइलैण्ड) मा ।
९) भदन्त महेन्द्रलाई तम्बपन्नी (श्रीलंका) मा ।

सबै धर्मदूतहरूले वयस धर्मप्रचार कार्यमा मरमग्दूर

निःस्वार्थरूपमा धर्मसेवा गर्नुभएका थिए । भदन्त सोण र तिस्स तथा भदन्त महेन्द्रको सेवाले स्थायी फल प्राप्त भयो । ती देशहरूमा सद्धर्म दृढतापूर्वक स्थापित भए ।

**चौथो संगायना –**

पहिलो, दोस्रो र तेस्रो संगायना भारतको पावन भूमिमा आयोजना गरियो । संगायनामा भाग लिने व्यक्तिहरू सबै आदरणिय भिक्षुहरू त्रिपिटकधर हुनुहुन्थ्यो । अर्थात् उहाँहरू सबैलाई त्रिपिटक कण्ठस्थ थियो । तीनवटा संगायना पश्चात् भारतमा दुर्भाग्यले गर्दा त्रिपिटक टिकाऊ हुन सकिएन । तीनवटा पिटकहरू कण्ठस्थ कता हो कता, ती तीनवटा पिटकहरू मध्ये एउटा मात्र पिटक अर्थात् सुत्तपिटक, विनयपिटक र अभिधम्म पिटक मध्ये एउटा मात्र पिटक कण्ठस्थ भएको भिक्षु यस देशमा अभाव हुनपुग्यो । त्यसैले यस देशमा संगायनाको आयोजना कसरी गर्ने ?

सम्राट अशोक पश्चात् ५० वर्ष बित्न लाग्दा मौर्य वंशका अन्तिम सम्राटका कृतघ्न सेनापतीले आफ्नो मालिकलाई हत्या गरी आफू स्वयं सम्राट बने । यसलेगर्दा सारा देशमा उक भयानक सुनामी जस्तै भय उत्पन्न भयो । ती कृतघ्न सेनापति बुद्ध शिक्षाका कट्टर शत्रु थिए । भगवान् बुद्धको शिक्षाको प्रभावले देशमा हिंसक यत्र बिल्कुल समाप्त नै भएको थियो । चन्द पुरोहितहरूलाई यसबाट गहिरो दुःख लाग्यो । नया शुंग सम्राटले अश्वमेघ यज्ञ गरे जसबाट जीव बलि यज्ञ फेरि प्रचलनमा आयो । तर असफल रह्यो । किनभने यस कार्यलाई जनताले साथ दिएनन् । देशमा हिंसक यज्ञ पुनर्स्थापना हुन सकेन । त्यसकारण शुंग सम्राटले बुद्ध शिक्षालाई नै मुलोच्छेदन गर्ने निर्णय गऱ्यो ।

सद्धर्म दुईवटा खम्बामा आधारित हुन्छ । (१) परियत्ति (२) प्रतिपत्ति अर्थात् भगवान् बुद्धको वाणी र विपश्यना साधना ।

त्यसबेला लेखन कार्य धेरै कष्टसाध्य हुन्थ्यो । त्यसकारण भगवान् बुद्धको वाणी सुत्तधर, विनयाधर र अभिधम्मधर भिक्षुहरूद्वारा अथवा त्रिपिटकधर भिक्षुहरूद्वारा कण्ठस्थ भएको कारण नै जीवित भइरहेको थियो र यस धर्मद्वारा नै लोक कल्याण भइरहेको थियो । यसरी विपश्यनाका आचार्यहरूद्वारा पतित्ति लोक कल्याण भइरहेको थियो । विदेसी शासकले यस सद्धर्मलाई खत्तम पार्न सकियो भने मात्र यसको जरा आफसेआफ खत्तम हुनेछ भन्ने निर्णय गरे । त्यसैले उनीहरूले साँची स्तूप जस्ता विशाल चैत्यहरूमा हानी पुऱ्याए । ती आचार्यहरूलाई समाप्त गरिदिए । अधिकांश नै खत्तम भए । अलि-अलि बाँचन सफल भएमा आचार्यहरू पनि आ-आफ्नो ज्यान बचाउनका लागि छिमेकी देशहरूमा शरण लिन पुगे । जब देशमा बुद्धवाणीलीई कण्ठस्थ पार्ने भिक्षुहरू नै रहेनन् तब यस पावन देशमा संगायन कसरी हुने ?

त्यसैले चौथौं संगायना ई.पू. २९ मा श्रीलंकाका राजा वट्टगामणीको संरक्षणमा र भदन्त महारक्खितको अध्यक्षतामा पाँचसय त्रिपिटकधर भिक्षुहरूद्वारा सकुशल सम्पन्न गरियो ।

यस संगायनामा एक महत्वपूर्ण घटना यसरी घट्न पुग्यो ।

त्यस समयसम्ममा लेखनकला क्षेत्रले धेरै उन्नत अवस्था ओगटिसकेको थियो । त्यसकारण जुन मूल बुद्धवाणी यस संगायनामा वाचन गरिएको थियो । त्यसलाई ताडपत्रमा कुँडियो वा लेखियो । जब कण्ठस्थ पार्ने कार्य कठिन भएको कारणले भविष्यमा ठूलो संख्यामा त्रिपिटकधरहरूको अभाव हुनेछ । त्यस्तो अवस्थामा पनि ताडपत्रमा उल्लेखित बुद्धवाणीलाई नै पाठ गर्न सकिने भयो । ताडपत्रमा लिखित रूपमा रहने भएको कारण बुद्धवाणीलाई शुद्धरूपले बचाएर राख्न सकिने भयो । बुद्ध अनुयायी देशहरूको लागि श्रीलंकाको यस कार्य महत्वपूर्ण उपहार समान हुनपुग्यो । यस कार्यले शुद्ध सद्धर्म बाँचिरह्यो ।

यसरी चतर्थ संगायना परम कल्याणकारिणी साबित भयो ।

**– "कोही संसारमा जन्म लिन्छन्, पापीहरू नर्कमा जन्मछन्, पुण्यवान् व्यक्तिहरू स्वर्गमा जन्मन्छन्, चित्तमल नभएका व्यक्तिहरू परिनिर्वाण हुन्छन् ।"**

**– "आकाश, समुद्र र पर्वतको प्वाल आदि जुनसुकै ठाउँहरूमा लुक्न गएपनि पापकर्मको फलबाट बच्न सकिने प्रदेश यस लोकमा कहीँ पनि छैन ।"**

# Two Mothers Make Plans

Hirathaku did her best to persuade Harshaman to give their daughter permission to enter the Moulmein nunnery, but she gathered that, while he commended Ganesh's desire to study Tripitaka, at the same time, he feared to send her to a foreign country and the hardships she might face there, caring so much as he did for her. After trying and failing to get his consent, Hirathaku decided there was nothing to do but to send Ganesh away in secret. Together with Laxmi Maya, who, like herself, was a devout follower of Theravada dhamma, she devised a plan: Laxmi Maya and Mana Kaji would escort the three girls to Kushinagar and stay with them while arrangements were made for them to travel on to Burma.

The logistics of their journey were a challenge: First, the girls would somehow have to acquire travel permits without raising suspicion, and then choose a departure date on which Harshaman would be away from home. As another concern was the poor quality of Indian rice compared with the rice to which the girls were accustomed, their mothers purchased high-grade rice for the journey.

Hirathaku decided that the best time for the girls to make their escape would be while her husband was away overnight on business. Since Harshaman Shakya supplied raw materials such as copper, brass, and bronze to Lalitpur craftspeople, and sold the finished products - pots and pans -- at his shop in Kathmandu, he traveled back and forth between the two cities. Most weeks, he spent a few nights away from Lalitpur at his shop in Kathmandu.

Unfortunately, with his suspicions aroused after hearing of his daughter's wish to ordain as a nun, Harshaman had been spending more time than usual in Lalitpur. Eventually, an important business transaction required him to spend two nights in Kathmandu. Before leaving, he asked Dhana Kaji to keep a close eye on Hirathaku and Ganesh Kumari.

Knowing this was their opportunity, the two mothers, architects of the escape plan, agreed that the girls should set out the next day; furthermore, in order to get them as far from home as quickly as possible, Hirathaku and Laxmi Maya arranged for a vehicle to take them out of the Kathmandu Valley. Though they had made the travel arrangements in secret, Dhana Kaji got wind of them and, going to her room, he awakened Ganesh Kumari. "I won't let you go!" he said fiercely.

"Just try and stop me!" was her reply. "All the arrangements have been made. The Burmese monk is expecting me. It is too late now to back out. I'm going... I must go! Why are you so worried about me? I'm not going to go abroad to do something disreputable. My cause is noble. Besides, Mana Kaji will be with me as far as Kushinagar and, having seen me off to Burma, he'll come home."

As a student of Sanskrit scripture, Dhana Kaji was familiar with Acharya Chanakya's idea of sam, dam, danda, and bhed, strategies of persuasion, allurement, threat, and divide and rule. "But you're the only daughter in this family," he said. “Imagine how our community will look down on us if we let you go! Anyway, why do you want to leave us? In your whole life, have we ever mistreated you?

"We all love you very much, Ganesh, and father loves you more than any of us. Ever since he learned of your plan, he is constantly worried. He was so frightened of you running away in his absence that he did not dare leave home until today. How do you think you will make him feel if you leave now? He will think you have betrayed him! Imagine how much he will suffer. Is that what you want?"

Was Dhana Kaji's strategy beginning to work?

Maybe there is truth to what he is saying; Ganesh Kumari admitted to herself. Is it right for me to run away in secret, like a coward, leaving Father to suffer? On the other hand, though Mother loves me just as much as he does, she is in favor my going. Of course, letting me go will be painful for her as well as for Father. Just the other day, when Mana Kaji brought my travel permit, I saw her tears. She assured me they were tears of joy, but I knew that really they were tears of sorrow... Yes, she will find our separation very hard to bear. Nevertheless, she has chosen to help me go. She knows I am leaving for a noble reason. Father knows it too, but he doesn't even try to bear the suffering of separation. That is the difference between them. I must go! My absence will cause Father suffering. I know that. With time, he will get used to it.

Seeing his sister lost in thought, Dhana Kaji hoped he was beginning to get through to her.

At that moment, their maternal uncle, who was already aware of the situation, hurried into the room and wasted no time getting to the point. "Niece, is it true you're leaving us?" he said. "You know you're still not old enough to live away from home. Imagine how grief-stricken your family will be if you go!"

"Ganesh doesn't need to imagine anything, Uncle," Dhana Kaji interjected. "She knows perfectly well how terrible the rest of us will feel tomorrow, or at the latest the day after. I apologize for calling you at this late hour, but I cannot call Father back from Kathmandu before tomorrow morning, which means he might not get back home in time. Uncle, please make my sister listen to you!"

By explaining the situation to their uncle within Ganesh's hearing, Dhana Kaji had made a big mistake. Now Ganesh understood that he only knew the plan's outline. He didn't know the details, such as the exact time of departure tomorrow. This greatly relieved both Ganesh and Hirathaku, who, hearing voices had come into Ganesh's room.

She and her second son, Mana Kaji, had spent the evening preparing for Ganesh's departure. These included writing a letter to Dhammawudha in which Hirathaku expressed both her regret at being unable to bring her daughter to Kushinagar herself and her wish that Ganesh be admitted to a Burmese nunnery to study Buddhadhamma. In conclusion, she formally conveyed guardianship of Ganesh Kumari to the Burmese monk.

As a leader in the community of royal craftspeople, Uncle knew more about regional politics than most people did. Drawing on his knowledge and the authority of his position, he tried to frighten his niece into changing her mind. "Listen to me, Ganesh," he said. "Even if you had your father's permission, you mustn't go to Burma. Right now, there is a great deal of trouble in that country. Wide areas are in Communist hands. Their goal is to capture the capital and other large cities, and if they succeed, you can forget about studying Buddhadhamma. No one will be permitted to enter or leave that country. First, let there be peace. Only then can we seriously consider your plan."

"Uncle, it's my belief your information is out of date," Ganesh boldly replied. "Like you, Sthavir U Dhammawudha is concerned about my safety. While he was in Nepal, he did not want to take me to Burma then because things were unstable. But recently he wrote that the political situation has much improved and now is the right time to go."

The truth was that, while she was making her decision, Ganesh Kumari had never once considered politics. Nor had the Burmese monk mentioned the political situation. As she saw her mother's face cloud over, she said to herself, perhaps Uncle exaggerated the dangers to frighten me... perhaps he lied. Aloud, she said firmly, "The Burmese Bhante didn't mention any trouble in his letters. I've no doubt that if there was trouble, he would have told me..."

She could tell from the embarrassed look on Uncle's

face that her supposition was correct. Yes indeed, she had caught him in a lie! However, he soon found other grounds on which to dismiss her plan. Finally, he turned to Hirathaku. "Sister, why are you giving in to your daughter? She is too young to think for herself. We adults must decide what is and is not in her interest. It is up to us to stop her from leaving! It is late now, and I must go to my house. I'll come back another time to discuss this matter with Harshaman."

Under normal circumstances, Hirathaku enjoyed talking with her brother, but that night she said nothing. Nor, when he left, did she escort him up to the main road.

By the time Uncle went back to his house, Mana Kaji had gathered all the necessary documents and gone to his room to sleep. Hirathaku soon retired as well, but Dhana Kaji continued his efforts to persuade his sister to give up her plan. "What Uncle said is valid," he told her, "The political situation in Burma is still unstable and the weather there is terrible. The monsoon rains have begun. This is not a good time to travel. Wait a few months, and in the meantime let me tackle Father. By October, the weather will be better, and I will have convinced Father to let you go to Moulmein. I'll even escort you as far as Calcutta. Just be patient. You can be patient, can't you?"

Knowing that her journey was to begin in a just few hours' time, Ganesh Kumari was silent. Eventually, she managed to mumble, "I'll let you know my decision tomorrow."

*Source: Beloved Daughter*
*(The Story of Dhammawati Guruma)*

■

## धर्मकीर्ति विहार संरक्षण कोषको २२ औं वार्षिक भेला सम्पन्न

*२०८२ मंसिर ६ गते, शनिबार*

यसदिन धर्मकीर्ति विहार संरक्षण कोषको २२ औं वार्षिक भेला सम्पन्न भएको छ। कोषका अध्यक्ष श्रद्धेय धम्मवती गुरुमांको सभापतित्वमा रीना तुलाधरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा कोषका विशेष सदस्यहरूलाई श्रद्धेय धम्मवती गुरुमांबाट खाडा ओढाई सम्मान गरियो।

कार्यकममा धर्मकीर्ति संरक्षण कोषका विभिन्न इकाईहरू लगायत धर्मकीर्ति विहारका सम्वन्धन प्राप्त विहारहरूबाट वार्षिक प्रतिवेदन यसरी प्रस्तुत गरियो –

| क्र. सं. | धर्मकीर्ति विहारका सम्वन्धन प्राप्त विहारहरू/धर्मकीर्ति संरक्षण कोषका इकाईहरू | प्रस्तुती |
|---|---|---|
| १ | धर्मकीर्ति विहार संरक्षण कोष | सचिव प्रफुल्लकमल ताम्राकार |
| २ | धर्मकीर्ति विहार संरक्षण कोष आर्थिक प्रतिवेदन | कोषाध्यक्ष अजयरत्न स्थापित |
| ३ | सुलक्षणकीर्ति विहार, चोभार | नोविद शाक्य |
| ४ | श्रद्धाकीर्ति विहार, चःमति | अगम्यरत्न कंसाकार |
| ५ | पद्मकीर्ति विहार, कमलपोखरी | कुशलवती गुरुमां |
| ६ | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी | सचिव लोचनतारा तुलाधर |
| ७ | धर्मकीर्ति सूचना तथा जनसम्पर्क इकाई | सदस्य मचाकाजी महर्जन |
| ८ | धर्मकीर्ति मासिक पत्रिका | व्यवस्थापक ध्रुवरत्न स्थापित |
| ९ | धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन | सचिव प्रेमलक्ष्मी तुलाधर |
| १० | धर्मकीर्ति स्वास्थ्य कमिटी | संयोजक डा. चन्द्रेशरत्न तुलाधर |
| ११ | धर्मकीर्ति बौद्ध परियत्ति केन्द्र | केशावती गुरुमां |
| १२ | धर्मकीर्ति बौद्ध भ्रमण कमिटी | केशावती गुरुमां |
| १३ | धर्मकीर्ति बुद्ध पूजा कमिटी | इन्द्रकुमार नकर्मी |

कार्यक्रममा कोषका अध्यक्ष श्रद्धेय डा. धम्मवती गुरुमांबाट ओवाद उपदेश दिनुभएको थियो।

प्रतिवेदनहरू प्रस्तुत पछि धर्मकीर्ति धम्म प्रशिक्षण परियोजनालाई धर्मकीर्ति विहार संरक्षण कोषको इकाईको रूपमा गाभ्ने प्रस्तावलाई उक्त सभाले अनुमोदन गरियो।

कार्यक्रमको अन्त्यमा कोषका सदस्य मदनरत्न मानन्धरले धन्यवाद ज्ञापन गर्नुभयो भने कोषका उपाध्यक्ष खेमावती गुरुमांबाट पुण्यानुमोदन गराउनुभई कार्यक्रम समापन गरियो। ❀

## धर्मकीर्ति विहारमा श्रद्धेय फा. उ. सयादोलाई स्वागत

*२०८२ मंसिर ९ गते, मंगलबार*

*स्थान- धर्मकीर्ति विहार, श्रीघः नघः।*

यसदिन धर्मकीर्ति विहार संरक्षण कोषबाट बर्माका फा.उ. तया च्याउँका ध्यानगुरु, स्टेट ओवादाचार्य अभिधर्म महारट्ठ गुरु, अग्ग महापण्डित डा. फा.उ. सयादोलाई स्वागत गरिएको छ। धर्मकीर्ति विहारका आवासिय गुरुमांहरू धर्मकीर्ति विहार संरक्षण कोषका पदाधिकारीहरू लगायत धर्मकीर्ति विहारका उपासक उपासिकाहरूले उहाँलाई सम्मान र आदरपूर्वक विहारमा स्वागत गरियो।

स्मरणिय छ ९१ वर्षिक श्रद्धेय ध्यानगुरु फा.उ. सयादोले नेपालस्थित डोल्पा जिल्लामा "**धम्म दायाद ध्यान केन्द्र**" स्थापना गरी ध्यान सिकाउँदै हुनुहुन्छ।

श्रद्धेय धम्मवती गुरुमां प्रमुख अन्य गुरुमांहरू र उपासकोपासिकाहरूबाट पनि श्रद्धेय ध्यानगुरु फा.उ. सयादो सहित अन्य २५ जना भन्ते गुरुमांहरूलाई दान

प्रदानगरी पुण्य सञ्चय गरियो ।

कार्यक्रममा श्रद्धेय फा.उ. सयादोले धर्मदेशना गर्नुहुँदै बुद्ध भूमि नेपालका जनताले बुद्धको अमूल्य ज्ञानलाई संरक्षण गरी यसलाई आ-आफ्नो जीवनमा उतार्न सल्लाह दिनुभयो ।

कार्यक्रममा श्रद्धेय धम्मवती गुरुमांले श्रद्धेय भन्ते फा.उ. सयादोलाई भैर्षज्य तथागत उपहार प्रदान गर्नुभयो भने धर्मकीर्ति विहार निवासी अन्य गुरुमांहरू लगायत उपासकोपासिकाहरूले पनि भगवान् प्रतिमा लगायत अन्य चीजबीजहरू दान गरी पुण्य सञ्चय गर्नुभएका थिए । ❀

## पुनः निर्मित धर्मकीर्ति विहार भवनको २३ औं वार्षिकोत्सब

*२०८२ मंसिर २६ गते, बुधबार, अष्टमी*
*स्थान- धम्महल, धर्मकीर्ति विहार*

यसदिन पुनः निर्मित धर्मकीर्ति विहारको २३ औं वार्षिकोत्सव सम्पन्न भएको छ । बुद्धपूजा पश्चात् दाता दिवंगत द्रव्यमान सिंह तुलाधरको पुण्यस्मृतिमा र धर्मकीर्ति विहारको २३ औं वार्षिकोत्सवको उपलक्ष्यमा बुद्धपूजा कार्यक्रममा सहभागी सबै गुरुमांहरू लगायत उपासकोपासिकाहरूलाई दाता उपासिका बसुन्धरा तुलाधर सपरिवारबाट जलपान दान गर्नुभएका थिए ।

सो पश्चात् धर्मकीर्ति विहार प्रमुख डा. धम्मवती गुरुमां प्रमुखको समुपस्थितिमा धर्मकीर्ति विहारका आवासिय गुरुमांहरू र अन्य आमन्त्रित गुरुमांहरू समूहबाट परित्राण पाठ गरियो । कार्यक्रममा सहभागी सबै गुरुमांहरूलाई दाता परिवारबाट दान प्रदान पश्चात् दिवंगत दाता द्रव्यमान सिंह तुलाधरको पुण्यस्मृतिमा पुण्यानुमोदन गरियो ।

स्मरणिय छ, दाता द्रव्यमानसिंह, बसुन्धरा तुलाधर सपरिवारबाट धर्मकीर्ति विहारको दक्षिण मोहडाको भवन बि.सं. २०५९ सालमा पुनः निर्माण गर्नुभएको थियो । सोही वर्षदेखि प्रत्येक वर्ष दाता परिवारले यस भवनको वार्षिकोत्सब मनाउँदै आइरहेको छ । ❀

**– "आकाश, समुद्र र पर्वतका प्वाल आदि जुनसुकै ठाउँमा लुक्न गएपनि मरणबाट बच्न सकिने प्रदेश यस लोकमा कहीं पनि छैन ।"**




पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥
यही नै बुद्धको उपदेश हो ।

**बिश्व मोटर ट्रेडर्स**
अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।
मोवाइलः ९८५१०५११३१, ९८५१०५११४७
e-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।

# धर्मकीर्ति विहार संरक्षण कोषको वार्षिक प्रतिवेदन
## आर्थिक वर्ष २०८१ श्रावण देदि २०८२ असार मसान्तसम्म

*सचिव- प्रफुल्ल कमल ताम्राकार*

१) २०८१ श्रावण महिना देखि २०८२ असार मसान्तसम्म धर्मकीर्ति विहार संरक्षण कोषको कार्यकारिणी समितिको बैठक जम्मा १३ पटक सम्पन्न भयो र आज २२ औं वार्षिक साधारण सभा हुन गइरहेको छ ।

कार्यकारिणी समितिको बैठक भएको मिति यसप्रकार रहेका छन् –

२०८१ श्रावण ५ गते शनिबार, ११ गते शुक्रबार
भाद्र ३१ गते सोमबार
कार्तिक १२ गते सोमबार, ३० गते शुक्रबार
मंसिर २८ गते शुक्रबार
पौष १३ गते शनिवार, २० गते शनिवार - २१ औं वार्षिक साधारण सभा
माघ ७ गते सोमबार, फागुन ८ गते शुक्रबार
चैत्र १४ गते बिहिबार, १९ गते मंगलबार
२०८२ असार ४ गते बुधबार

२) धर्मकीर्ति विहारका संस्थापिका, धर्मकीर्ति विहार संरक्षण कोषका अध्यक्ष शासनधज धम्माचरिय, अग्गमहागन्थवाचक पण्डित महासद्धम्म जोतिक धज भिक्षुणी डा. धम्मवती गुरुमांको ९१ औं शुभ जन्मोत्सवको शुभ उपलक्ष्यमा उहाँको सुस्वास्थ्य एवं निरोगीको कामना गरी २०८१ श्रावण १ गते देखि ८ गतेसम्म धर्मकीर्ति विहारमा अभिधर्म पाठ र धर्म देशना एवं अन्तिम दिन महायानी गुरुहरूबाट मङ्गलपाठ र बज्रयानी गुरुजु र गुरुमांजुहरूबाट पनि मङ्गल पाठ र धर्म देशना गर्नुभयो ।

३) श्रद्धेय धम्मवती गुरुमां ९१ वर्ष पुग्नु भएको शुभ-उपलक्ष्यमा २०८१ श्रावण ६ गते गुरु पूर्णिमाका दिन क्षेत्रपाटी निःशुल्क चिकित्सालय र धर्मकीर्ति विहार संरक्षण कोषको सम्झौतामा "श्रद्धेय धम्मवती गुरुमां स्वास्थ्य उपचार कोष" स्थापना गरियो । श्रद्धेय धम्मवती गुरुमांबाट रु. १०,००,०००/– (दश लाख रुपियाँ) बीउ रकम शुरु गर्दै स्थापित यस कोषमा श्रद्धालु उपासक-उपासिकाहरूबाट पनि आर्थिक सहयोग गर्नुभएको थियो ।

४) २०८१ श्रावण १२ गते, शनिबार धर्मकीर्ति विहारको धम्महलमा शाक्यधिता नेपाल, उदाय समाज मिसा पुचः र तवः (ताम्राकार) समाज मिसा पुचःको संयुक्त आयोजनामा वात्सल्य नेपालबाट जेष्ठ नागरिक स्वास्थ्य सम्वन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

५) २०८१ श्रावण २६ गते, शनिबार गृही विनय विषयमा परीक्षा दिई उत्तिर्ण हुन सफल ६४ जना विद्यार्थीहरूलाई पुरस्कार वितरण समारोह सुसम्पन्न गरियो । तत्कालिन प्रधानमन्त्री के.पी. शर्मा ओलकिो प्रमुख अतिथित्वमा एवं प्रथम महिला राधिका शाक्य र काठमाडौं महानगर पालिकाका उपमेयर सुनिता डंगोलको अतिथित्वमा सञ्चालित उक्त पुरस्कार वितरण कार्यक्रममा श्रद्धेय धम्मवती गुरुमांले सभापतिको आशन ग्रहण गर्नुभएको थियो । धर्मकीर्ति विहार संरक्षण कोषका सह-कोषाध्यक्ष अरुणसिद्धि तुलाधरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा सचिव प्रफुल्ल कमल ताम्राकारले स्वागत मन्तव्य ब्यक्त गर्नुभएको थियो भने सदस्य मदनरत्न मानन्धरले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

६) २०८१ आश्विन ९ गते, बुधबार धर्मकीर्ति विहारको धम्महलमा श्रद्धेय धम्मवती गुरुमांको ९१ वर्ष पुग्नु भएको उपलक्ष्यमा क्षेत्रपाटी निःशुल्क चिकित्सालय र धर्मकीर्ति विहार संरक्षण कोषको सम्झौतामा स्थापना गरिएको "श्रद्धेय धम्मवती गुरुमां स्वास्थ्य उपचार कोष" का दाताहरूलाई श्रद्धेय धम्मवती गुरुमांबाट प्रमाणपत्र प्रदान गर्नु भएको थियो । कार्यक्रममा क्षेत्रपाटी निःशुल्क चिकित्सालयका अध्यक्ष डा. मनोज श्रेष्ठले श्रद्धेय धम्मवती गुरुमांलाई चिकित्सालयको तर्फबाट साधुवादपत्र प्रदान गर्नुभएको थियो ।

७) २०८१ आश्विन १३ गते, मङ्गलबार धम्महलमा वरिष्ठ विपश्यनाचार्य श्रद्धेय रत्नमञ्जरी गुरुमांको १२ औं पुण्यतिथिको दिन प्रव्रजित गुरुमांहरूबाट महापरित्राण सामूहिक पाठ सम्पन्न गरी अन्त्यमा श्रद्धेय धम्मवती गुरुमां लगायत कार्यक्रममा उपस्थित सम्पूर्ण प्रव्रजित गुरुमांहरू र उपासक-उपासिकाहरूले सामूहिक पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो । उक्त कार्यक्रममा धर्मकीर्ति पुलां पुचः र "श्रद्धेय रत्नमञ्जरी गुरुमां स्मृति कोष" बाट जलपान र भोजनको

प्रायोजन साथै दान-प्रदान गरिएको थियो ।

८) २०८१ मंसिर ८ गते अष्टमीका दिन धर्मकीर्ति विहारको धम्महलमा दिवंगत दाता द्रब्यमान सिंह, श्रीमती बुसुन्धरा तुलाधर सपरिवारबाट धर्मकीर्ति विहारको दक्षिण मोहडाको भवन बि.सं. २०५९ सालमा पुनःर्निर्माण गरिएको भवनको २२ औं वार्षिकोत्सव सम्पन्न गरियो । दाता परिवारबाट जलपान, भोजन दान एवं परित्राण पाठ र गुरुमांहरूलाई दान-प्रदान पनि गर्नुभएको थियो ।

९) २०८१ मंसिर १४ गते, शुक्रबारका दिन लुम्बिनीमा लुम्बिनी बौद्ध विश्वविद्यालयको तेस्रो विशेष दीक्षान्त समारोह २०८१ कार्यक्रममा तत्कालिन प्रधानमन्त्री एवं लुम्बिनी विश्व विद्यालयका उपकुलपति के.पि. शर्मा ओलीबाट धर्मकीर्ति विहार प्रमुख तथा धर्मकीर्ति विहार संरक्षण कोषका अध्यक्ष ९१ वर्षिय श्रद्धेय धम्मवती गुरुमांले बुद्ध शिक्षा प्रचार-प्रसार कार्यमा पुऱ्याउनु भएको उल्लेखनिय योगदानलाई कदर गरी यस विश्वविद्यालयले गुरुमांलाई सर्वप्रथम मानार्थ विद्यावारिधि उपाधिबाट विभुषित गरियो । उहाँ गुरुमां यस उपाधिबाट सम्मानित हुन सफल पहिलो गुरुमां हुनुहुन्छ ।

उक्त कार्यक्रममा म्यानमारका सयादो ऊ. ज्ञाणिस्सर भन्तेले पनि सारगर्भित मन्तब्य व्यक्त गर्नुभएको थियो भने लुम्बिनी विश्वविद्यालयका उप-कुलपति डा. सुवर्णलाल बज्राचार्य लगायत रजिष्ट्रार डा. तिलकराम आचार्यबाट पनि आ-आफ्नो सारगर्भित मन्तब्य प्रस्तुत गर्नुभएको थियो । यस कार्यक्रममा धर्मकीर्ति विहार संरक्षण कोषका पदाधिकारीहरू एवं धर्मकीर्ति विहारका उपासक-उपासिकाहरू पनि उपस्थित हुनु भएको थिए ।

१०) २०८१ पौष १३ गते, शनिबार नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान काठमाडौंमा आयोजित एक कार्यक्रममा श्रद्धेय धम्मवती गुरुमांले नेपाल बुद्धशासन चिरस्थायी गर्ने कार्यमा पुऱ्याउनु भएको अमूल्य योगदानलाई कदर गरी बज्राचार्य क्लबबाट मूल चक्रेश्वर श्री फणिन्द्ररत्न बज्राचार्यले सश्रद्धापूर्वक सम्मान-पत्र चढाउनु भएको थियो । उक्त कार्यक्रममा श्रद्धेय धम्मवती गुरुमां स्वास्थ्यको कारण उपस्थित हुन नसकेको कारणले गुरुमांका शिष्याहरू जवनवती गुरुमां र वीर्यवती गुरुमांबाट सम्मानपूर्वक ग्रहण गर्नुभएका थिए ।

११) २०८१ पौष १६ गते मङ्गलबार धर्मकीर्ति विहार प्रमुख सासनधज धम्माचरिय अग्गमहागन्थ वाचक पण्डित भाषा थुवा डा. धम्मवती गुरुमांको स्वास्थ्यलाई बिचार गरी तत्कालिन बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापा मगर र तत्कालिन प्रथम महिला राधिका शाक्यबाट धर्मकीर्ति विहारमा श्रद्धेय गुरुमांलाई ICU Bed र मनिटर प्रदान गरियो । उक्त कार्यक्रममा कृष्ण गोपाल श्रेष्ठ र बिन्दु श्रेष्ठको पनि उपस्थिति रहेको थियो ।

१२) २०८१ पौष २० गते, शनिबार धर्मकीर्ति विहार संरक्षण कोषको २१ औं वार्षिक साधारण सभा सम्पन्न गरियो । अध्यक्ष श्रद्धेय धम्मवती गुरुमांको सभापतित्वमा कोषका सह-कोषाध्यक्ष अरुणसिद्धि तुलाधरले सञ्चालन गर्नुभएको कार्यक्रममा कोषकी उपाध्यक्ष खेमावती गुरुमांले स्वागत मन्तब्य ब्यक्त गर्नुभएको थियो भने सदस्य मदनरत्न मानन्धरले धन्यवाद ज्ञापन गर्नुभयो ।

१३) २०८१ फागनु २४ गते, शनिबार धर्मकीर्ति विहारको धम्महलमा जावलाखेल, मानभवन स्थित Samyg Drishti Eye Centre को पूर्ण सहयोगमा डा. किरण शाकय र संगीता शाक्यको नेतृत्वमा बिहान ९:०० बजे देखि ३:०० बजेसम्म निःशुल्क आँखा शिविर कार्यक्रम सुसम्पन्न भयो । उक्त शिविरमा करीब १७५ जनाको आँखा जाँच गरियो ।

१४) २०८१ फागनु २४ गते, 8th March 2025 अन्तर्राष्ट्रिय नारी दिवसको उपलक्ष्यमा Outstanding Woman in Buddhism Award (DWBA) 2025 उपाधिबाट सम्मानित हुनु भएकी धर्मकीर्ति विहारका आवासिय गुरुमां धर्मकीर्ति विहार संरक्षण कोषकी उपाध्यक्ष श्रद्धेय खेमावती गुरुमांलाई Indonesia देशमा 8th March 2025 नारी दिवसको दिन यो उपाधिबाट सम्मानित गरिएको थियो ।

१५) २०८१ चैत्र ७ गते, बिहिबार धर्मकीर्ति विहारको धम्महलमा बौद्ध महिला संघबाट श्रद्धेय धम्मवती गुरुमांलाई एक समारोह बिच सम्मान-पत्र प्रदान गरियो । श्रद्धेय धम्मवती गुरुमांबाट बुद्ध शासनिक क्षेत्रमा पुऱ्याउनु भएको महत्वपूर्ण योगदानलाई कदर गरी लुम्बिनी विश्व विद्यालयले सर्वप्रथम मानार्थ विद्यावारिधि उपाधिबाट विभूषित गर्नुभएको कार्य सबैको लागि अत्यन्त गौरब र

खुशीको कुरा भएको महशुस गरी बौद्ध महिला संघ नेपालले यसदिन श्रद्धेय धम्मवती गुरुमांलाई सम्मान-पत्र प्रदान गरिएको थियो ।

१६) २०८१ चैत्र ९ गते, शनिबार धर्मकीर्ति विहारको धम्महलमा छैठौं संघनायक श्रद्धेय भिक्षु अश्वघोष महास्थविर र श्रद्धेय दो गुणवती मांगुण गुरुमां दिवंगत हुनु भएको ६ वर्ष पूरा भएको पुण्य स्मृतिमा उहाँहरूको सुगति एवं निर्वाण हेतुको कामना गरी भिक्षु महासंघ र प्रव्रजित गुरुमां संघबाट सामूहिक परित्राण पाठ सम्पन्न भयो ।

१७) २०८१ चैत्र १२ गते, मंगलबार धर्मकीर्ति विहारको धम्महलमा थाईलैण्डबाट ८७ जना श्रद्धेय भिक्षु संघलाई धर्मकीर्ति विहारमा स्वागत गरी भोज दान एवं दान प्रदान गरी पुण्य सञ्चय गरियो । यसदिन दाता राजेश श्रेष्ठ, शोभा श्रेष्ठबाट श्रद्धेय भिक्षु संघ लगायत धर्मकीर्ति विहार निवासी गुरुमांहरूलाई भोजन दान गरियो । कार्यक्रममा श्रद्धेय भिक्षु संघबाट परित्राण पाठ साथै धर्म देशना गर्नुभएको थियो ।

१८) २०८१ चैत्र १५ गते, शुक्रबार 28th March 2025 का दिन म्यानमारमा ७.७ रेक्टर स्केलको भुकम्पले जनधनको धेरै नै क्षति भएको समाचार प्रात भएको थियो । म्यानमार देशमा भुकम्प पिडित भन्ते, गुरुमां तथा सर्वसाधारणहरूलाई धर्मकीर्ति विहार परिवारबाट राहत प्रदान गर्ने मनसायले सश्रद्धा आर्थिक सहयोग सङ्कलन गरी रु. ३० लाख ६० हजार रुपैंया म्यानमारका राजदूतलाई २०८२ बैशाख ८ गते धर्मकीर्ति विहारमा एक समारोह बिच श्रद्धेय धम्मवती गुरुमांबाट हस्तान्तरण गर्नुभयो ।

१९) २०८२ बैशाख ८ गते धर्मकीर्ति विहारको धम्ममहलमा श्रद्धेय डा. धम्मवती गुरुमांले बुद्ध शासन चिरस्थायी हेतु पुऱ्याउनु भएको अमूल्य योगदानलाई कदर गरी म्यानमार सरकारले गुरुमांलाई “महासद्धम्म जोतिकधज” पदवीले विभुषित गरिएको थियो । म्यानमारमा नै प्रदान गरिएको यस पदवी धम्मवती गुरुमां आफ्नो स्वास्थ्यको कारणले म्यानमार पुग्न नसकिएकोले नेपालको लागि म्यानमारका महामहिम राजदूत U Myo Myint Maung (ऊ मो मिन्ट मङ्ग) र म्यानमार राजदूतावासबाट धर्मकीर्ति विहारमा नै एक विशेष सभा सञ्चालन गरी उक्त पदवी प्रदान गरिएको छ । स्मरणिय छ म्यानमार सरकारले यो भन्दा पहिलो श्रद्धेय धम्मवती गुरुमांलाई “अग्ग महागन्थ वाचक पण्डित” पदवीले विभूषित गरिसकेको थियो ।

२०) २०८२ असार २१ गते, शनिबारबाट २७ गते बिहिबारसम्म धर्मकीर्ति विहारका धम्महलमा धर्मकीर्ति विहारका संस्थापिका धर्मकीर्ति विहार संरक्षण कोषका अध्यक्ष शासन धज धम्माचरिय अग्गमहागन्थ वाचक पण्डित, महासद्धम्म जोतिक धज, भाषा थुवा श्रद्धेय भिक्षुणी डा. धम्मवती गुरुमांको ९२ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा २०८२ असार २१ गते देखि २७ गतेसम्म सप्ताहव्यापी भिक्षु महासंघबाट अभिधर्म पाठ धर्म देशना र असार २८ गते महायानी गुरुहरू र बज्रयानी गुरुजु एवं गुरुमांजुहरूबाट गुरुमांको सुस्वास्थ्य एवं मङ्गल कामना गरी मङ्गल पाठ तथा बज्रयानी गुरुजु, गुरुमांजुहरूबाट सप्त विधानोत्तर पूजा एवं सद्धर्म सुत्र पाठ गर्नुभएको थियो ।

श्रद्धेय धम्मवती गुरुमांको ९२ औं शुभजन्मोत्सवको शुभ उपलक्ष्यमा २०८२ असार २६ गते बिहिबार गुरु पूर्णिमाका दिन (गुरुमांको जन्म दिनकै दिन एस.ओ.एस. बालग्राम जोरपाटीमा असहाय बाल बालिकाहरूलाई खाद्य तथा अन्य वस्तु वितरण कार्यक्रम धर्मकीर्ति विहार संरक्षण कोषबाट सम्पन्न गरियो ।

२१) आर्थिक वर्ष २०८०/२०८१ को धर्मकीर्ति विहारको व्यवस्थापन सम्बन्धी नियम अनुसार नियमित पूरा गर्नुपर्ने कार्य जस्तै लेखा परिक्षण दर्ता नविकरण, कर इत्यादि कार्य पूरा भएको जानकारी गर्न चाहन्छु ।

२२) धर्मकीर्ति विहारको बिजुली बत्तीको खर्च गर्ने दाताहरू श्रीमती बसुन्धरा तुलाधर र धर्मकीर्ति विहार संरक्षण कोष र पानीको खर्च कोषका कार्यकारिणी सदस्य अगम्यरत्न कंसाकार र वरदेश मानन्धर सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्न चाहैं ।

**– “कुश समात्दा राम्ररी न समात्नेलाई हातमा घाउ हुनेछ । श्रमण धर्म (सन्यास) राम्ररी पालन गरेन भने नरक जानुपर्छ ।”**

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक प्रगति प्रतिवेदन

## (२०८१ श्रावण देखि २०८२ असार सम्म)

*सचिव- लोचनतारा तुलाधर*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारीय कक्षा विहान ९ बजे देखि १० बजेसम्म सञ्चालन भइरहेको छ साथै फेसबुक लाइभ मार्फत विभिन्न ठाउँमा प्रसारण भइरहेको छ। विभिन्न चाडबाड र विशेष प्रतिकूल अवस्थामा बाहेक कक्षा नियमित सञ्चालन भइरहेको छ।

२०८१ मंसिर १ गते शनिवारका दिन श्रद्धेय धम्मवती गुरुमांको ९१ औं जन्मोत्सवको उपलक्ष्यमा अन्तर निम्न माध्यमिक विद्यालय स्तरीय हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भयो। उक्त प्रतियोगितामा ३ वटा विद्यालयहरूले भाग लिएका थिए। यी मध्ये प्रथम स्थान – १) महांकाल सेकेण्डरी स्कूल, महाबौद्ध, काठमाडौं - प्रथम २) गणेश सेकेण्डरी स्कूल, भक्तपुर - द्वितीय ३) महेन्द्र भृकुटी सेकेण्डरी स्कूल - तृतिय स्थान हासिल गरेका थिए।

कार्यक्रममा निर्णायक मण्डलमा श्रद्धेय जवनवती गुरुमां, श्रद्धेय सुजाता गुरुमां, श्रद्धेय वीर्यवती गुरुमां रहनु भएका थिए भने प्रश्नकर्तामा श्रद्धेय शुभवती गुरुमां र श्रद्धेय वण्णवती गुरुमां हुनुहुन्छ। विजयी विद्यार्थीहरूलाई पुरस्कार प्रायोजनमा प्रथम पुरस्कार श्रद्धेय धम्मवती गुरुमां, द्वितिय रसवन्ती कंसाकार, तृतिय मोहिनी तुलाधर हुनुहुन्छ। तता भोजन पुचःबाट फ्रुटी प्रायोजन र जलपान पाकेट केहैं भोजन पुचःबाट प्रायोजन भएको हो।

२०८१ मंसिर ८ गते, शनिवार। यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कक्षा विशेष फरक रूपमा भए। यसदिन "पञ्चशील व जीवन पद्धति" विषयक अन्तरक्रिया सम्पन्न भयो। कार्यक्रममा वक्ताहरू धर्मकीर्ति परियत्ति केन्द्रबाट "परियत्ति सद्धम्म कोविद" उत्तीर्ण सदस्यहरू तारा डंगोल, नीलम शाक्य, शान्ति शाक्य, समुद्रदेवी ताम्राकार र चीनीकाजी महर्जन हुनुहुन्छ भने सहजकर्ता इन्द्रकुमार नकर्मी र समिक्षक डा. सुमनकमल तुलाधर हुनुहुन्छ।

२०८२ बैशाख १६ गते, मङ्गलबार, यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरू तथा अन्य श्रद्धालु दाताहरूबाट सामूहिक श्रद्धादान सङ्कलन गरी आनन्दकुटी विद्यापीठ स्कूलमा अध्ययनरत १४ जना गुरुमांहरूलाई पाठ्यपुस्तक र अन्य शैक्षिक सामाग्री एक वर्षको लागि दान-प्रदान गरियो।

२०८२ जेठ ३ गते, शनिबार। धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ५३ औं वार्षिक भेला सम्पन्न भयो। यस कार्यक्रममा गोष्ठीका उपाध्यक्ष श्रद्धेय इन्दावती गुरुमांले स्वागत गर्नुभयो, सचिव लोचनतारा तुलाधरले वार्षिक प्रतिवेदन, कोषाध्यक्ष रामकुमारी मानन्धरले आर्थिक प्रतिवेदन, सह-सचिव मचाकाजी महर्जनले शनिवारिय कक्षा प्रतिवेदन प्रस्तुत गरियो। बि.सं. २०८१ साल भरिका कक्षा प्रवचकज्यूहरू श्रद्धेय पियरतन भन्ते, श्रद्धेय पञ्ञावती गुरुमां, श्रद्धेय जवनवती गुरुमां, श्रद्धेय इन्दावती गुरुमां, श्री मदनरत्न मानन्धर, डा. त्रिरत्न मानन्धर, डा. रीना तुलाधर, बरदेश मानन्धर, मीना तुलाधर, इन्द्रकुमार नकर्मीहरूलाई धर्मोपहार प्रदान गरियो।

यस वर्षको धर्मकीर्ति अश्वघोष सम्मान रोशनकाजी तुलाधरलाई र धर्मकीर्ति धम्मवती सम्मान लोचनतारा तुलाधरलाई प्रदान गरियो। त्यस्तै गोष्ठीका सदस्यहरू डा. सुमनकमल तुलाधर र कीर्ति तुलाधरलाई गणमहाविहारबाट धम्म विजय पदनम् सम्मान प्राप्त अवसरमा, प्रफुल्लकमल ताम्राकारलाई उदाय समाजबाट, रश्मि विरसिं कसाः सिरपाः प्राप्त, मचाकाजी महर्जन भारतको हाडौती ब्लड डोनर सोसायटीबाट जीवन रक्षा सम्मान २०२५ प्राप्त भएको उपलक्ष्यमा उहाँहरूलाई गोष्ठीको तरफबाट प्रशंसा-पत्र प्रदान गरियो।

त्यस्तै यस वर्षको कार्यक्रमहरूमा संयोजक हुनुभएका इन्द्रमान महर्जन, नोविद शाक्य, मचाकाजी महर्जन, दीना कंसाकार, उर्मिला तुलाधरलाई धर्मोपहार प्रदान गरियो।

२०८२ असार ७ गते, शनिवार। बनेपाको ध्यानकुटी विहारमा प्रव्रज्या दिवस सम्पन्न भयो। धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरू बि.सं.२०३५ असार १० गते ध्यानकुटी विहारमा अल्पकालीन श्रामणेर प्रव्रज्या ग्रहण गर्नुभएको कार्यको स्मरणमा गोष्ठीले वर्षेनी प्रव्रज्या दिवस मनाउने गरेको छ। यो वर्ष ४६ औं प्रव्रज्या दिवस हो।

२०८२ असार २६ गते, बिहिबार, गुरु पूर्णिमा। यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले गुरु पूर्णिमाको वर्षेनी सञ्चालन गर्दै आइरहेको गुरु पूजा सम्पन्न गरियो। गोष्ठीका सदस्यहरूले सामूहिक रूपमा सञ्चालन गर्दै आएको यस कार्यक्रममा गुरुवर श्रद्धेय धम्मवती गुरुमां प्रमुख आवासिय गुरुमांहरू तथा शाखा विहारका प्रमुखहरूलाई गुरु पूजाको दान-प्रदान गरियो। रामकुमारी मानन्धरको संयोजकत्वमा उक्त कार्यक्रम गरियो।

## धर्मकीर्ति बौद्ध परियत्ति शिक्षा कमिटी

### वार्षिक प्रगति प्रतिवेदन

### २०८२ मंसिर ६ गते

*प्रस्तुती- केशावती गुरुमां*

१) २०८२ भाद्र १४ गते, शनिबार। धर्मकीर्ति बौद्ध परियत्ति विद्यार्थीहरूलाई उपहार प्रदान।

धर्मकीर्ति बौद्ध परियत्ति उत्तीर्ण हुने विद्यार्थीहरू जम्मा १९५ जना छन्।

कक्षा १ बाट ८१ जना, कक्षा २ बाट ५१ जना
कक्षा ३ बाट ३५ जना, कक्षा ४ बाट १५ जना
कक्षा ५ बाट ५ जना, कक्षा ६ बाट १ जना
कक्षा ७ बाट ६ जना, कक्षा ८ बाट १ जना
कक्षा ९ बाट ६ जना, कक्षा १० बाट ६ जना

बौद्ध परियत्तिको विद्यार्थीहरू ३ जनाले बोर्ड स्थान हासिल गर्न सफल भएका छन्।

विगतमा झैं यसपालि पनि महानगर पालिकाबाट धर्मकीर्ति बौद्ध परियत्ति केन्द्रलाई सहयोग प्राप्त भएको छ।

प्रमुख अतिथि सुनिता डंगोल उपमेयर का.म.पा.बाट उत्तिर्ण विद्यार्थीहरूलाई उपहार प्रदान।

- गतवर्षमा लुम्बिनी, मणिचुड, नमोबुद्ध भ्रमण।
- अंगुरमान तुलाधर सूर्यलक्ष्मी तुलाधरबाट सिरपाको लागि प्रायोजन ।
- प्रत्येकमान तुलाधर जगतशोभा तुलाधरबाट चैत्य प्रायोजन।
- श्याममान बज्राचार्यबाट बुद्ध मूर्तिको प्रायोजन।
- भिक्षुणी डा. धम्मवती गुरुमांबाट हप्ता-हप्तामा सबै विद्यार्थीहरूलाई बिस्कुट प्रदान र बोर्ड आउने विद्यार्थीहरूलाई रकम सहयोग प्रायोजन।
- प्रत्येक महिना दाता प्रकाशवीर सिं तुलाधरबाट आर्थिक सहयोग।

## वार्षिक प्रगती प्रतिवेदन

### धर्मकीर्ति अध्ययन तथा भ्रमण कमिटी

### २०८२ मंसिर ६ गते

*प्रस्तुती- केशावती गुरुमां*

धर्मकीर्ति अध्ययन तथा भ्रमण कमिटीबाट गएको वर्ष २०८१ फागनु ८ गते देखि २२ गतेसम्म भिक्षुणी डा. गुरुवर धम्मवती गुरुमां ९१ औं जन्मोत्सवको उपलक्ष्यमा लुम्बिनीमा अल्पकालिन प्रव्रज्या र बौद्ध चारधाम भ्रमण भएको थियो।

२०८१ फागुन ८ गते देखि ११ गतेसम्म लुम्बिनीमा श्रामणेर, गुरुमां ऋषिणी अल्पकालिन प्रव्रज्या भएको थियो। भिक्षु मैत्री महास्थवीरबाट प्रव्रजित व्यक्तिहरूलाई दशशील धर्मदेशना, श्रामणेरहरूलाई प्रव्रज्या गराउनु भएको थियो। श्रामणेर २ जना, गुरुमां ३, ऋषिणी २८ जना अल्पकालिन प्रव्रज्या हुनुभएको थियो। लुम्बिनी गौतमी विहारमा ३ दिनसम्म गुरुमांहरूबाट महापरित्राण भयो।

परित्राण पाठ गर्नुहुने गुरुमांहरू केशावती गुरुमां, खमेशी गुरुमां, गौतमी गुरुमां, गौतमी विहार बस्नुहुने सानो गुरुमांहरू। तीनदिनसम्म ध्यान, धर्मदेशना, बुद्धपूजा, परित्राण पाठ गर्नुभएको थियो।

लुम्बिनीमा भ्रमण- लुम्बिनीको देश विदेश विहारहरू, कपिलवस्तु देवदह, रामग्राम स्थुप, यशोधरा विहार इत्यादि।

लुम्बिनी अल्पकालिन प्रव्रज्या समूह मिलेर भोजन, जलपान र जुस दान गर्नुभएको थियो ।

भिक्षु मैत्री महास्थवीरबाट अल्पकालिन प्रव्रज्या हुनु भएकोलाई ३ दिन पछि पञ्चशील, परित्राण, धर्मदेशना गर्नुभई कार्यक्रम समापन गर्नुभएको थियो ।

बौद्ध चारधाम २०८१ साल

२०८१ फागुन १२ देखि २२ सम्म बौद्ध चारधाम भ्रमण भयो । संयोजक केशावती गुरुमां सहयोग गौतमी गुरुमां र उपासक-उपासिकाहरू जम्मा ३७ जनाबाट बौद्ध चारधाम भ्रमण गरियो ।

चारधाम भ्रमण स्थानहरू- बुद्धगया, सारनाथ, कुशीनगर, बैशाली, राजगृह, नालन्दा, श्रावस्ती इत्यादि ।

विशेष गरी यो कार्यक्रम भिक्षुणी डा. धम्मवती गुरुवर गुरुमांलाई सुस्वास्थ्य दीर्घायु होस् र सकल सत्व प्राणीहरूलाई मङ्गल होस् भन्ने कामनाले सञ्चालन भएको हो ।

## पद्मकीर्ति विहारको वार्षिक प्रगति प्रतिवेदन

### २०८१ - २०८२

*प्रस्तुती- कुसलवती गुरुमां*

१) यस पद्मकीर्ति विहारमा नियमित रूपमा बुद्ध पूजा, परित्राण पाठ, ध्यान भावना, ज्ञानमाला भजनको प्रस्तुती निरन्तर नटुटाइकन भई रहेको जानकारी गर्दछु ।

२) दिवंगत श्रद्धेय कमला गुरुमांबाट स्थापित यस पद्मकीर्ति विहार हाम्रो पुजनीय धम्मवती गुरुमांको संरक्षण र निर्देसनमा धर्मकीर्ति विहारको शाखाको रूपमा सञ्चालन भई रहेको छ । यस विहारको २०८१ - २०८२ सालको वार्षिक गतिविधिहरू निम्नानुसार रहेको छ ।

३) विहार निर्माण कार्य तल्ला ढलान सके तापनि भित्री Finishing कार्य अझैं बाँकी भएको हुनाले विहार पूरा नसकिएसम्म नजिकै छिमेकीको घरमा बसोबास गर्दै आएको हुनाले पहिला जस्तो ब्यवस्थित हुन सकेको छैन ।

४) पद्मकीर्ति विहारको वार्षिक कार्यक्रमहरू मध्ये यसवर्ष विहारको आयोजनामा Japan को १२ दिने बौद्ध भ्रमण अन्तर्राष्ट्रिय कार्यक्रम सफलता पूर्वक सम्पन्न भएको जानकारी गराउँदछु ।

५) विहारको महत्वपूर्ण कार्यक्रम मध्ये ऋणिणी प्रव्रज्या कार्यक्रम स्थानको अभावले यस वर्ष आयोजना गर्न नसके तापनि विगत केही महिना अघि देखि संघको नियम अनुसार ऋषिणी भएर बसेका ऋषिणी सिर्शा सुवाल र ऋषिणी अबिका मानन्धरलाई असोज ३ गते शुक्रबार विधिवत प्रव्रजित गराई कुमुदवती र किसावती गुरुमां विहारको परिवार सदस्यको रूपमा थपिएको छ ।

६) पद्मकीर्ति विहारका कठिन पुचःको आयोजनामा काभ्रे स्थित बोधिचर्या विहारमा कठिन महान पुण्य कार्य सुसम्पन्न गरियो ।

७) पद्मकीर्ति विहारका श्रद्धेय गुरुवर करुणावती गुरुमां र ध्यानवती गुरुमांहरूले पूजनीय धम्मवती गुरुमांको प्रमुखतामा यस वर्ष विश्व शान्ति विहारमा कठिन दान सम्पन्न भएको जानकारी गराउँदछु ।

८) यसवर्ष विहार भ्रमणमा कार्तिक महिनामा भक्तपुर स्थित नगदेश बुद्ध विहार, पाटी विहार र बौद्ध समस्कीर्ति विहार र सँगसँगै Durbar Square पाँच तले मन्दिर र सिद्धि पोखरी भ्रमण सम्पन्न भयो ।

- **“विना विचारले कसैले न्याय गर्न खोज्छ भने त्यो न्यायाधीश होइन । जुन पण्डितले साँचो र झूठो दुवैको निर्णय गरी विचारपूर्वक पक्षपात नराखी न्याय गर्छ, उसलाई धर्म रक्षा गर्ने साँच्चिको न्यायाधीश भनिन्छ ।**
- **“धेरै बोल्ने गर्दैमा पण्डित बनिन्न, जो क्षमाशील, अवैरी तथा भयरहित छ, त्यसलाई पण्डित भनिन्छ ।**
- **“जुन व्यक्तिमा सत्य, धर्म, अहिंसा, संयम र दमनादि गुण छ, त्यस व्यक्तिलाई निर्मल भइसकेको धीर पुरुष तथा स्थविर भनिन्छ ।”**

# सुलक्षणकीर्ति विहारको २०८१ - २०८२ को वार्षिक प्रतिवेदन

*प्रस्तुती- नोविद शाक्य*

१) हरेक महिनाको पूर्णिमा प्रतिपदा र औंशी प्रतिपदाको तिथिमा बुद्धपूजा, धर्मदेशना तथा परित्राण पाठ साथै आउने उपासक-उपासिकाहरूलाई जलपान भोजन ।

२) नेपाल बौद्ध परियत्ति शिक्षाको अध्यापन विहारबाट हरेक शनिवार भइरहेको छ ।

३) परियत्ति विद्यार्थीहरू धार्मिक शैक्षिक भ्रमण ।

४) परियत्ति शिक्षा उत्तीर्ण भएका विद्यार्थीहरूलाई प्रोत्साहन पुरस्कार वितरण कार्यक्रम ।

५) मंसिर १५ गते देखि २१ गतेसम्म जापानका गुरु Prof. Akira Isisan द्वारा Naikan ध्यान शिविर सञ्चालन गरियो ।

६) स्व. अनोजा गुरुमांको प्रव्रजित अवसर पारेर अनाथ आश्रममा तन्ना दान गरिरहेका छौं ।


७) BLIA Nepal Chapter द्वारा ७० जना गुरुमांहरूलाई संघ दान गरियो ।

८) Thailand बाट पाल्नुहुने धुतंगधारी ७५ जना भन्तेहरूलाई भोजन दान गरियो ।

९) स्व. अनोजा गुरुमांको २ वर्षको पुण्यतिथिमा बुद्धपूजा, परित्राण, धर्मदेशना, दान-प्रदान, पुण्यानुमोदनका साथै सबैलाई जलपान, भोजन दान कार्यक्रम सम्पन्न भयो ।

१०) अनाथ आश्रममा बस्ने ३५ जना बालबालिकाहरूलाई भोजन दानको कार्यक्रम ।

## लेखक, पाठक एवं ग्राहक वर्गहरूमा हार्दिक अनुरोध



- 'धर्मकीर्ति' पत्रिका प्रत्येक पूर्णिमाको दिन प्रकाशन हुनेछ ।
- धर्मकीर्ति पत्रिकाको लागि नेपालभाषा, नेपाली तथा अंग्रेजी भाषामा बुद्ध शिक्षा, बौद्ध सँस्कृती एवं दर्शन र यस सम्बन्धी अनुसन्धानात्मक लेख, नैतिक शिक्षालेयुक्त सामाजिक लेख, रचनाहरू कथा एवं कविताहरू सम्प्रेषण गरी सहयोग गरिदिनु होला ।
- समाचारमूलक बौद्ध गतिविधिहरू एवं माथि उल्लेखित लेखहरू **e-mail** वा हुलाकबाट समयमा नै उपलब्ध गरी सहयोग गरिदिनुहोला ।
- पत्रिकामा प्रकाशित लेख, रचना आदिको सम्पूर्ण जिम्मेवार लेखक स्वयं हुनेछ ।
- तपाईंले आफ्नो पसल, उद्योग, ब्यापार एवं कार्यालय आदिको विज्ञापन दाता बनी आ-आफ्नो व्यवसायको प्रचार तथा बुद्ध शिक्षा प्रतिको श्रद्धा प्रस्तुत गरी धर्मकीर्ति पत्रिकालाई सहयोग गर्नसक्नु हुनेछ ।
- धर्मकीर्तिलाई तपाईंको सहयोगको आवश्यकता छ । तपाईंहरूको प्रत्येक सहयोग यस पत्रिकाको लागि ठूलो आधार हुनेछ ।
- त्यसैले तपाईं आफू ग्राहक बनी अरूलाई पनि ग्राहक बनाउनुहोस् ।
- हामी तपाईंको स्वस्थ प्रतिकृयाको स्वागत गर्दछौं ।
- समयमा नै लेख, रचना आदि प्रकाशनको लागि र सल्लाह सुझाव प्रस्तुत गर्नको लागि **gurumawiryawati@gmail.com** **subhawati26@gmail.com** मा e-mail गर्न सकिने छ ।

**धर्मकीर्ति विहार परिवार, फोन नं. ०१-५३५९४६६**

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन गतिविधि

*२०८२ आश्विन १९ गते*

*स्थान- बुद्ध विहार, भृकुटी मण्डप*

यसदिन मैतीदेवी निवासी उपासिका मैंया प्रजापतिको जन्मदिनको उपलक्ष्यमा बुद्ध विहार भृकुटीमण्डपमा भिक्षु महासंघको तर्फबाट महापरित्राण पाठ कार्यक्रमको आयोजना गरिएको समाचार प्राप्त भएको छ। धर्मकीर्ति ज्ञानमाला भजनका सदस्य मैंया प्रजापतिबाट निमन्त्रित धर्मकीर्ति ज्ञानमाला भजन समूहले उक्त कार्यक्रममा ज्ञानमाला भजन प्रस्तुत गरियो भने जन्मदिन उत्सब कार्यक्रम आयोजक उपासिका मैंया प्रजापतिले धर्मकीर्ति ज्ञानमाला भजनलाई रु. १०,०००/- चन्दा प्रदान गरी पुण्य सञ्चय गरियो।

धर्मकीर्ति ज्ञानमाला भजन समूहको तर्फबाट भजन गुरु पन्नाकाजी शाक्यले उपासिका मैंया प्रजापतिलाई खाडा ओढाई सम्मान गरियो भने सचिव प्रेमलक्ष्मी तुलाधरले जप चैत्य सम्झनाको चीनो प्रदान गरी उहाँको आयु आरोग्य कामना पनि गरियो।

प्राप्त समाचार अनुसार उक्तदिन धर्मकीर्ति ज्ञानमाला भजन समूहबाट रु. १,२००/- खर्च गरियो।

❀

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | बि.सं. २०८२ असार/श्रावण | बुद्धपूजा गर्नुहुने प्रव्रजित गुरूमांहरू | धर्मदेशना गर्नुहुने श्रद्धेय गुरूमांहरू |
|---|---|---|---|
| १ | कार्तिक १२ गते, बुधबार अष्टमी | वण्णवती | वण्णवती |
| २ | कार्तिक १९ गते, बुधबार सकिमना पुन्हि | खेमावती | धम्मवती |
| ३ | कार्तिक २६ गते, बुधबार अष्टमी | दानवती | दानवती |
| ४ | मंसिर १ गते, सोमबार संक्रान्ति | इन्दावती | इन्दावती |
| ५ | मंसिर ४ गते, बिहिबार औंशी | अमता | अमता |

# मां:बा: यागु गुण लुमन्ति

✍ **रामकृष्ण सानायो**

यो मां .... यो मां ....
यो मां छ गन वना ?
यो बा: यो बा:.....
यो बा: छ गन वना ?

यो मां छिगु गुणया बदला
गबले पुले फइगु यो मां
यो बा: छिगु गुणया बदला
गबले पुले फइगु यो बा: ॥धु॥

गुला भ्रीला गर्भय् तया:
जन्म विया: धर्ती क्यना बी
जित: छुं जुइकी धइथे
अमृत धारा दुरु त्वंका बी ॥१॥

चिकनं बुईका: पित्तुपिया बी
अजलं उइका: हिसी दय्का बी
चां चां द्यंहे मद्यं सिनं
खिच्व कया: सिचुका बी ॥२॥

गुलि दु:ख कष्ट नया:
जिमी हिरा पुता धका:
ख्वा: स्वस्वं मुसुमुसु न्हिला जुई
दु:ख फुकं लोमंका छोइ ॥३॥

छथु निथु मुसु वँथे जुई
ब्वाय्ब्वाय् वना अजि क्यना स्वइ
मिखाय दंक ख्वबि तया: ब्वाँय वइ ॥४॥

- **"जसको पाप कर्मलाई पुण्य कर्मले ढाक्छ, त्यसले यो लोकमा बादलबाट छुटेको चन्द्रमाले झैं तेज फैलाउँछ।"**
- **"केश फुल्दैमा स्थविर (जेठो) भनिन्न, उसको आयु परिपक्व होस् व्यर्थै जीवन गुमाउने बूढा भनिन्छ।"**
- **"हीन काम नगर, लापरवाही नहोऊ, मिथ्याधारणामा नफँस, सांसारिक वासनाका कामना नबढाउ।"**
- **"उठ, बेहोशी नहोऊ, सद्धर्मको आचरण गर, धार्मिक इमान्दारी पुरुषहरू सधैं सुखपूर्वक जीवन बिताउँछन्।"**
- **"पहिले गल्ति गरेर पछी फेरि गल्ती गर्दैन, त्यस्ताले यो लोकमा बादलबाट छुटेको चन्द्रमाले झैं तेज फैलाउँछन्।"**

# निर्वाणमूर्ति विहारमा मैत्री सूत्र पाठ

*२०८२ मंसिर ३ गते, बुधबार बाला चतुर्दशी*
*स्थान- निर्वाणमूर्ति विहार, किम्डोल*


यसदिन निर्वाण मूर्ति किम्डोल विहारमा प्रव्रजित गुरुमांहरूबाट विहान ७ बजे देखि १२ बजेसम्म निरन्तर मैत्री सूत्र पाठ गरी दिवंगत पितृजनहरूको पुण्य स्मृतिमा पुण्यानुमोदन गरी पुण्य दान गरियो ।

निर्वाण मूर्ति किम्डोल विहार परिवारको आयोजनामा धेरै वर्ष अगाडि देखि सञ्चालन गर्दै आइरहेको यस पुण्य कार्यमा आमन्त्रित प्रव्रजित गुरुमांहरू लगायत सहभागी उपासक-उपासिकाहरूलाई जलपान एवं भोजनको प्रायोजन गरिएको थियो ।


कार्यक्रममा श्रद्धेय कुसुम गुरुमांबाट यस मनुष्यलोक लगायत दिवंगत पितृजनहरू र परलोकका प्राणीहरूका लागि हामीले सञ्चय गरेको पुण्यको आधार अत्यावश्यक रहने विषयमा धर्मदेशना गर्नुभएको थियो । प्रकाश पार्नुहुँदै आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

विहारका आवासिय सुमना गुरुमांको संयोजकतवमा सञ्चालित यस कार्यक्रममा आमन्त्रित गुरुमांहरूलाई विहारबाट यथाश्रद्धा दानप्रदान गरी पुण्य सञ्चय गरियो ।


यसरी नै कार्यक्रममा सहभागी हुनुभएका सबै श्रद्धालु उपासक-उपासिकाहरूले पनि यथाश्रद्धा दान प्रदान




*धर्मदेशना गर्नुहुँदै श्रद्धेय कुसुम गुरुमां*



*मन्तव्य व्यक्त गर्नुहुँदै श्रद्धेय धम्मविजया गुरुमां*








*मैत्रीसूत्र पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू*





*मैत्रीसूत्र पाठ श्रवण गर्नुहुँदै श्रद्धालु उपासकोपासिकाहरू*

कार्यक्रमको अन्त्यमा विहार प्रमुख धम्मविजया गुरुमांले किम्डोल स्थित निर्वाण मूर्ति विहारले बालाचतुर्दशीको दिन धेरै वर्ष अगाडि देखि सञ्चालन गर्दै आइरहेको मैत्रीसूत्र पाठ एवं धर्मदेशना कार्यक्रमको महत्व गर्नुभई पुण्य सञ्चय गर्नुभएका थिए ।

कार्यक्रमको अन्त्यमा सामूहिक पुण्यानुमोदन गरी पुण्य दान गरियो ।

# प्रभात माध्यमिक विद्यालयको हीरक जयन्ति २०८२

*२०८२ मंसिर ६ गते*

*स्थान- प्रभात माध्यमिक विद्यालय परिसर, श्रीघः*

**बुद्धपूजा, परित्राण पाठ र धर्मदेशना –**

यसदिन श्रीघः स्थित प्रभात माध्यमिक विद्यालयले हीरक जयन्ति कार्यक्रमको आयोजना गरी विद्यालय प्राङ्गणमा बुद्धपूजा तथा परित्राण पाठ र धर्मदेशना कार्यक्रम सम्पन्न गयिरयो । श्रद्धेय डा. धम्मवती गुरुमांको प्रमुख अतिथित्वमा शिक्षिका सुमन शाक्यले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा विद्यालयका प्रधानाध्यापक राजेश्वरमान श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

प्रमुख अतिथि श्रद्धेय धम्मवती गुरुमांबाट पञ्चशील प्रार्थना गराउनुभई प्रारम्भ भएको उक्त कार्यक्रममा गुरुमांबाट बुद्धपूजा गराउनु भई धम्मवती गुरुमां प्रमुख उपस्थित सम्पूर्ण गुरुमांहरूबाट पनि परित्राण पाठ भएको थियो ।

धर्मदेशनाको सिलसिलामा श्रद्धेय धम्मवती गुरुमांले आजको सन्दर्भमा हरेक विद्यालयले विद्यार्थीहरूलाई भगवान् बुद्धले सिकाउनु भएको नैतिक शिक्षा, पञ्चशील लगायत परिवार, समाज र देशका नागरिकहरूलाई अत्यावश्यक रहेको "गृही विनय" सम्वन्धी शिक्षा पाठ्यक्रममा समावेश गरी उनीहरूको आ-आफ्नो कर्तव्यबारे जानकारी दिलाउनुपर्ने विषयमा जोड दिनुभयो । धर्मदेशना दिने क्रममा उहाँले आज हरेक परिवार, समाज र देशमा अनुशासनहीन अवस्था सृजना भई अशान्ति फैलिरहेको अवस्थाको प्रमुख कारण नै मानिसहरूमा आ-आफ्नो कर्त्तव्य विषयमा ज्ञान नभएकोले अनुशासनहीन बन्न पुगेको विषयलाई प्रष्टाउनुभयो ।


कार्यक्रममा धम्मवती गुरुमांबाट प्रभात माध्यमिक विद्यालयलाई उपहारस्वरुप बुद्ध प्रतिमा प्रदान गर्नुभयो । हीरक जयन्तिको उपलक्ष्यमा प्रभात माध्यमिक विद्यालयको तर्फबाट आमन्त्रित सम्पूर्ण प्रव्रजित गुरुमांहरूलाई दान प्रदान गरी पुण्य सञ्चय गरियो । कार्यक्रमको अन्त्यमा धन्यवाद ज्ञापन पश्चात् कार्यक्रममा उपस्थित सबै महानुभावलाई विद्यालयको तर्फबाट जलपान प्रायोजन गरियो ।

यसरी नै प्रभात माध्यमिक विद्यालयमा छात्रवृत्ति कोष खडा गर्नका लागि धर्मकीर्ति विहार निवासी गुरुमांहरूबाट केही रकम उक्त कोषमा प्रदान गरिने जानकारी पनि प्रदान गरियो ।

प्रभात माध्यमिक विद्यालयमा अध्ययन गरी उक्त विद्यालयबाट एस.एल.सी. परिक्षा उत्तिर्ण गर्न सफल प्रव्रजित गुरुमांहरूबाट उक्त विद्यालयको हीरक जयन्तिको उपलक्ष्यमा विद्यालयका शिक्षक शिक्षिकाहरू लगायत आमन्त्रित सम्पूर्ण गुरुमांहरूलाई धर्मकीर्ति विहारमा भोजन प्रायोजन गरी पुण्य सञ्चय गरियो ।

**दीपावली –**

प्रभात माध्यमिक विद्यालयको हीरक जयन्तिको उपलक्ष्यमा सो दिन साँझपख श्रीघः चैत्य परिसरमा दीपावली गरियो । दीपावली पश्चात् प्रभात माध्यमिक विद्यालयका पूर्व प्रधानाध्यापक नातीकाजी महर्जन र वर्तमान प्रधानाध्यापक राजेश्वरमान श्रेष्ठबाट उक्तदिन सञ्चय गरिएको पुण्य वितरण गरी पुण्यानुमोदन गर्नुभएका थिए ।



*पुण्यानुमोदन गर्नुहुँदै प्रधानाध्यापकद्वय नातीकाजी महर्जन (पूर्व प्रधानाध्यापक) र राजेश्वर श्रेष्ठ (वर्तमान प्रधानाध्यापक)*

# तथागत बुद्ध, मनोचिकित्सक



✍ विद्याकुमारी बज्राचार्य

आफूलाई भन्दा अरूको सेवामा
तल्लिन रहनुभयो गौतम बुद्ध अर्थपूर्ण ज्ञानमा
ज्ञान बिनाको जीवन व्यर्थ छ यस संसारमा
लागौं हामी दुःख हटाउन मानव सेवामा ।

मध्यम मार्ग अत्युत्तम छ जीवन धन्य गर्नमा
यही अष्टाङ्गिक मार्ग रहेको छ मानव कल्याणमा
मन मुख्य रहेको छ बुद्धको ज्ञान सिद्धान्तमा
हरेक घटना भर परेको हुन्छ हरेक हेतुमा ।

मानिसको व्यवहार भर पर्छ उसको मानसिकतामा
हत्यारा अंगुलिमाल आर्यपुद्‌गल बन्नुको देन छ बुद्धमा
पटाचारा, कृषा गौतमी आर्य पुद्‌गल बन्नुको देन छ बुद्धमा
मनोरोग हटाई ज्ञानी बनाइदिने देन छ बुद्धमा ।

# मेरी आमा कस्तो ?



✍ प्रेमलक्ष्मी तुलाधर

मेरी आमा पूर्वबाट उदाइएको न्यानो घाम जस्तो
युगौंयुगसम्म चम्किरहने चन्द्रमाको शीतल किरण जस्तो
समुद्रको गहिराईसम्म फैलिएको मायाको पोको जस्तो
मैत्री, करुणा, मुदिता र उपक्षाले युक्त उहाँको मन फराकिलो आकाश जस्तो
त्यसैले म भन्छु मेरी आमा अति प्यारी स्वर्गको परी जस्तो

# भगवान् बद्ध



✍ बाबुकृष्ण डंगोल
खोना

पुखू दथुसं पलेस्वाँ ह्वःगु
ख्यूगु चाः दुने तिमिला त्वःगु
सिद्धार्थ गौतमया जन्म जूगुलिं
स्वर्ग नं स्वाँया वर्षा जूगु दिं

लुम्बिनी बनसं जन्म जूम्ह
सुईनिता नं लक्ष्यण लाःम्ह
बुईवं न्हेगू पलाय छिना दि
बैसाख पूर्णिया थौंया थ्व दि

ल्याय्‌म्ह जूलिसे ज्ञान लुइका
अनित्य संसारया दुःख खंका
दुःखं मुक्तगु ज्ञान लायेत
गृह जीवनया सुख भोग तंकाः

बोधिबृक्षया सिमा क्वसं
स्वाँया पूर्णिया शुभ दिनसं
बोधि ज्ञान लाःगु भगवान
सिद्धार्थ गौतम बुद्ध जूगु नं

स्वर्ग नर्क व प्राणी जगतय्
तथागत भगवान बुद्ध धाय्‌काः
जन्म जरा व्याधि लोकय्
निर्वाण मार्गया ध्वायँ ब्वय्‌काः

**"प्रजापति गौतमी ८० वर्षको उमेरमा भिक्षुणी बन्नुभएकी थिइन । उहाँ चिर रात्रज्ञामा अग्रस्थान प्राप्त हुन् । उहाँ १२० वर्षको उमेरमा परिनिर्वाण भइन् । उहाँ परिनिर्वाण हुँदा बुद्ध स्वयं मलामीमा जानुभएको थियो । उहाँसंगै ५०० शाक्य कुमारीहरू पनि भिक्षुणी बन्नुभएको थियो ।"**

## दान गरेको आँखाको सफल प्रत्यारोपण

मध्यपुर थिमि नगरपालिका ७, नगदेश निवासी नगदेश बुद्ध विहारको जेष्ठ उपासक काजिलाल वैद्यको असोज ७ गते देहावसान भए पश्चात् तिलगंगा आँखा अस्पतालका चिकित्सक मार्फत दिवंगत उपासकका दुबै आँखाहरू अस्पताललाई दान दिई दान उप-पारमिता कार्य सम्पन्न गरिएको समाचार प्राप्त भएको छ। प्राप्त समाचार अनुसार उक्त दुबै आँखाहरू मध्ये एउटा आँखा नुवाकोट जिल्ला निवासी तामाङ्ग थरका ५४ वर्षिय महिलालाई प्रत्यारोपण गरिएको र अर्को एक आँखा लुम्बिनी जिल्ला निवासी बिष्ट थरका ४५ वर्षिय पुरुषलाई प्रत्यारोपण भएको बुझिन आएको छ।

उक्त दान-उपपारमितानु भावद्वारा दिवंगत उपासक वैद्यको नगदेश बुद्ध विहारले सद्गति एवं निर्वाण कामना गरिएको छ। भवतु सब्ब मंगलम्।

यसरी नै नगदेशस्थित ढोकासीटोल निवासी नगदेश बुद्ध विहारका जेष्ठ उपासक तुईसिं वाडेको देहावसान भएपश्चात् लगतै तिलगङ्गा आँखा अस्पतालका चिकित्सक हस्ते अस्पताललाई दान गरिएको समाचार छ।

प्राप्त समाचार अनुसार सो दान गरिएका दुई आँखाहरू मध्ये एक आँखा ललितपुर जिल्ला धापासी निवासी महर्जन थरका ३९ वर्षिय एक युवकलाई प्रत्यारोपण गरिएको र अर्को आँखा काभ्रे जिल्ला धुलिखेल निवासी वादे श्रेष्ठ थरका ५६ वर्षिय एक प्रौढ व्यक्तिलाई प्रत्यारोपण गरी दान उपपारमिता कार्य सम्पन्न गरियो। सो दान उपपारमितानुभावद्वारा दिवंगत तुइसिं वाडेको लागि नगदेश बुद्ध विहार सद्गति र निर्वाण कामना गरिएको छ।

भवतु सब्ब मंगलम्॥



**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



जन्म :
बि.सं. २००५ जेठ १३

दिवंगत :
बि.सं. २०८२ भाद्र २९ गते

## दिवंगत धनकुमारी शाक्य

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य उपासिका धनकुमारी शाक्य दिवंगत हुनुभएको छ। उहाँको परलोक जीवन सुगतिमय भई निर्वाणको हेतु प्राप्त होस् भन्ने कामनाका साथ पुण्यानुमोदन गर्दछौं। यस दुखद् घडीमा उहाँका परिवारले संसारको त्रिलक्षण स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन् भनी कामना गर्दछौं। भवतु सब्ब मंगलम्।

## धर्मकीर्ति पत्रिका परिवार

**धर्मकीर्ति विहार, श्रीघः, नघः, काठमाडौं**

श्रीघः, नःघल स्थित प्रभात माध्यमिक विद्यालयको हीरक जयन्तीको अवसरमा विद्यालयको प्राङ्गणमा आयोजित बुद्धपुजा तथा श्रद्धेय डा. धम्मवती गुरुमांबाट उपदेश एवं परित्राण पाठ कार्यक्रमको केही तस्वीरहरू –
विःसं. २००७ सालमा स्थापित यस विद्यालयका स्थापनाकाल देखि सम्बन्धित सबैमा शुभकामना !






श्रद्धेय धम्मवती गुरुमांबाट प्रभात मा.वि.लाई बुद्ध प्रतिमा प्रदान गर्नुहुँदै



प्रभात माध्यमिक विद्यालयको हीरक जयन्तिको उपलक्ष्यमा श्रद्धेय धम्मवती गुरुमांबाट धर्मदेशना




उपस्थित जनसहभागिता

बा.अ.का.द.नं. - ७०/०४०/४१ | म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०८२/०८३)

# साधुवाद !

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
बि.सं. १९८८
कार्तिक ५ गते

*दिवंगत :*
बि.सं. २०७४
मंसिर २६ गते

## दिवंगत मानकाजी शाक्य

धर्मकीर्ति पत्रिका वर्ष ४३, अङ्क ८ को रङ्गीन कभर पेज (४ पेज) दिवंगत उपासक **मानकाजी शाक्यको पुण्य स्मृतिमा** उहाँका परिवारबाट धर्मदान गर्नुभएको छ । यस पुण्य शक्तिले दिवंगत उपासक मानकाजी शाक्य सहित उहाँका अन्य सबै पितृजनहरूको पनि सुगति र निर्वाण हेतु प्राप्त होस् भन्ने कामना गरी पुण्यानुमोदन गर्दछौं ।

यसरी नै धर्मदान गर्नुहुने दाता परिवारको आयु आरोग्य एवं निरोगी कामना गर्दै दाता सपरिवारबाट बुद्ध शिक्षा अभ्यास गरी आ-आफ्नो जीवन सफल पार्न सकुन् भन्ने कामनाका साथ धर्मदानको लागि साधुवाद व्यक्त गर्दछौं ।

## धर्मकीर्ति पत्रिका परिवार

**धर्मकीर्ति विहार, श्रीघः नघः, काठमाडौं**

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोनः ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com